भारतीय लिगमा चम्केकी साम्बा युरोपको क्लबबाट खेल्दै
पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २५ • २०८० साल जेठ ३१ गते बुधबार (14 June, Wednesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मुख्यमन्त्रीलाई अपार सफलता

# मधेश प्रदेश सरकारलाई निरन्तर रहने बहुमत

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको मुख्यमन्त्री सरोज कुमार यादवलाई अपार सफलता प्राप्त भएको छ । मुख्यमन्त्री यादवले १०७ सदस्यीय मधेश प्रदेशसभामा १०३ सांसदले विश्वासको मत दिएका छन् । मंगलबार मुख्यमन्त्री यादवलाई प्रदेशसभामा उपस्थित सबै सांसदले मुख्यमन्त्रीलाई विश्वासको मत दिएका छन् ।

यही जेठ १ गते नेकपा एमाले सरकारबाट बाहिरिँदै सरकारबाट समर्थन फिर्ता लिएका थिए । सोही कारण २९ दिनपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिने प्रस्ताव मंगलबार प्रदेशसभामा पेश गरेका थिए । तर, नेपाली कांग्रेसले मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलमाथि अविश्वासको प्रस्ताव ल्याउने तयारी गरेको बेला एमालेले फेरि सरकारलाई समर्थन दिएका छन् । एमालेले सरकारबाट समर्थन फिर्ता लिएकै कारण मुख्यमन्त्री यादवलाई विश्वसको मत लिनु परेको थियो ।

उनले आफ्नो कार्यकालमा दोस्रो पटक विश्वासका मत लिएका छन् । मुख्यमन्त्रीलाई नागरिक उन्मुक्तिका सांसद उर्मिला देवी सिंह र स्वतन्त्र सांसद केशव राय अनुपस्थित भएको कारण मुख्यन्त्रीको पक्षमा मतदान गर्न सकेनन् । सभामुख रामचन्द्र मण्डल र उपभामुख बबिता राउत इसरले मत गर्न नपाउने कानुनी व्यवस्था छ ।

मुख्यमन्त्रीले विश्वासको मत दिने प्रस्ताव गर्दा संसदको सबैभन्दा ठूलो दल नेकपा एमाले संसदीय दलका उपनेता दीपेन्द्र ठाकुर, नेपाली कांग्रेसबाट कुमरकान्त झा, जनता समाजवादी पार्टी (जसपा)बाट लालबाबु राउत, जनमत पार्टीका सांसद चन्दन सिंह, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) संसदीय दलका नेता अभिराम शर्मा, नेकपा माओवादी केन्द्रबाट युवराज भट्टराई, नेकपा एकीकृत समाजवादीका कनिश पट्टेल, नेपाल संघीय समाजवादीका विमला अन्सारी, राप्रपाकी सांसद कंचन विच्छा, स्वतन्त्र सांसद अनुरुद्ध प्रसाद सिंह र प्रमोद जयसवालले रोष्टमबाट पनि समर्थन गर्ने घोषणा गरेका थिए ।

> भ्रष्टाचार मुक्त गर्ने प्रतिबद्धतासंगै बजेट वितरणमा बिचौलियाले चलखेल नगर्ने कार्यविधि बनाएर मधेश सरकार आगाडि बढ्ने उनले बताए । सबका साथ सबका विकास नाराको आधारमा काम गर्ने उनले प्रष्ट गरे । कुनै किसिमको कुनै सांसदसंग भेदभाव नगारिने उनले बताए ।

मुख्यमन्त्रीलाई समर्थन गरेका अधिकांश दलका सांसदहरुले समर्थन गरे पनि सरकारको काम कारबाही बारे असन्तुष्टि जनाएका थिए ।

नेकपा एमाले संसदीय दलका नेता सरोज कुमार यादवले संघीयता बचाउन सरकारलाई समर्थन गरेको बताए । संघीयताको जननी मधेश प्रदेश रहेको हुनाले सत्तापक्षको समर्थनले मात्रै नहुने हुनाले प्रतिपक्ष दलले समर्थन गरेको उनले बताए ।

'साथीहरु विपक्षी दलले सहयोग गर्दैमा हतोत्साहित नहुनुस, हामी सरकारमा जाँदैनौं,' उनले भने,' सरकार कमजोर नहोस्, बजेट मार्फत सबै नेपालीको, मधेशीको अपेक्षा अनुसार काम गरोस् ।'

लोसपाका नेता अभिराम शर्माले सरकारलाई अहंकारी नबन्न अनुरोध गरे । जनताको भावना र प्रदेशसभाको इच्छा अनुसार काम गर्न सुझाए ।

जनमत पार्टीका सांसद चन्दन सिंहले सरकारलाई निष्ठापूर्वक काम गरे सधै साथ दिने बताए । मधेशी जनताको हितमा सिंहदरबारसँग पनि लड्नु परे समर्थन गर्ने उनको भनाइ छ ।

नेकपा एकीकृत समाजवादीका सांसद कनिश पट्टेलले मधेशी जनतासँग कुठाराघात नगर्न मुख्यमन्त्रीलाई आग्रह गरे । जनताको हरेक अपेक्षा पूरा गरेर अगाडि बढ्न उनले आग्रह गरे । संघीयतालाई स्थापित गर्न सरकारलाई समर्थन गरेको उनले बताए ।

मुख्यमन्त्री सरोज कुमार यादवले विश्वासको मतमाथिको छलफलमा उठेको जिज्ञसालाई अन्तिममा जवाफ दिएपछि मतदान सुरु भएको थियो । उनले जवाफ दिने क्रममा जनतामुखी बजेट ल्याउने प्रतिबद्धता जनाए । संघीयताको रक्षा निम्ति सधै सतर्क रहने र कुनै प्रकारको आँच आउन नदिने उनले विश्वास व्यक्त गरे ।

भ्रष्टाचार मुक्त गर्ने प्रतिबद्धतासंगै बजेट वितरणमा बिचौलियाले चलखेल नगर्ने कार्यविधि बनाएर मधेश सरकार आगाडि बढ्ने उनले बताए । सबका साथ सबका विकास नाराको आधारमा काम गर्ने उनले प्रष्ट गरे । कुनै किसिमको कुनै सांसदसँग भेदभाव नगरिने उनले बताए ।

हार्दिक बधाई
एसोसिएट प्रो. डा. विजय कुमार साह (MBBS, M.D., Fellowship Endocrinology & Metabolism) द्वारा संचालित बुद्ध डायबिटिज एण्ड थाइराइड केयर प्रा.लि. प्रथम वर्ष सफलता पूर्वक पुरा गरेकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।



डा. विजय कुमार साह
संजय जलान
कुनाल फार्मा सप्लायर्स प्रा.लि.
जनकपुरधाम-२, किशोरीनगर, भानु चोक, धनुषा

पर्याप्त मात्रामा आयोडिन नपाउँदा हुन सक्छन् निम्न असरहरु



- गलगाँड आउने
- गर्भावस्थामा समस्या देखिने : गर्भ तुहिने वा मृत शिशु जन्मने हुन सक्छ
- मानसिक र बौद्धिक क्षमतामा कमी आउने
- शिशुको दिमागको विकास राम्रो संग नभई जन्मने
- सुस्तमनस्थिती हुने र बौद्धिक क्षमता कमी हुने
- काम गर्न सक्ने क्षमतामा कमी आउने र आलस्यपन आउने

त्यसैले खानामा आयोडिन मिसाएको नून खानु नै एक मात्र सरल उपाय हो ।

"थोरै खाऔं, सही मात्रामा खाऔं, दुई बालबालिकाको चिन्ह अंकित आयोडिन युक्त नून नै खाऔं"

सखुवानन्कारकट्टी गाउँपालिका
सखुवानन्कारकट्टी, सिरहा, मधेश प्रदेश

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरु
डेंगी
सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।
थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।
डेंगीका मूख्य लक्षणहरु
उच्च ज्वरो आउनु
जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
आँखाको गेडी दुख्नु
बेस्सरी टाउको दुख्नु
शरीरमा राता बिमिराहरु आउनु
वाकवाकी लाग्नु वा वान्ता हुनु
डेंगीका लक्षणहरु देखिएमा के गर्ने ?
स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।
घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।
अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।
( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )
लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।
वरियारपट्टी गाउँपालिका
वरियारपट्टी, सिरहा, मधेश प्रदेश

# दमकल संचालन गर्न साझेदार



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवन नगरपालिकाको दमकल सञ्चालनका लागि मंगलबारबाट लालबन्दी नगरपालिका पनि साझेदार बनेको छ।

नगरपालिका एक्लैले सञ्चालन खर्च व्यहोर्नुपर्ने तर जुन पालिकामा आगलागी भए पनि दमकल पठाउनुपर्ने बाध्यताले खर्च धान्न मुस्किल पर्न थालेको भन्दै हरिवन नगरपालिकाले विभिन्न पालिकासँग सम्झौता गरी साझेदार बनाएको छ। सोही क्रममा मंगलबार पाँचौं पालिकाका रुपमा लालबन्दी नगरपालिकासँग सम्झौता गरिएको हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकी (कमल) ले जानकारी दिए।

हरिवनको दमकल सञ्चालनबापत लालबन्दी नगरपालिकाले वार्षिक तीन लाख रुपैयाँ उपलब्ध गराउने सम्झौतामा उल्लेख छ । सम्झौता पत्रमा हरिवन नगरपालिकाको तर्फबाट नगरप्रमुख बुढाथोकी र प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान तथा लालबन्दी नगरपालिकाको तर्फबाट नगरप्रमुख बासुदेव अधिकारी र प्रमुख प्रशासकीय अधिकृत तारानाथ लुइटेलले हस्ताक्षर गरेका छन् ।

यसअघि यस्तै प्रकारको सम्झौता ईश्वरपुर नगरपालिका, बागमती नगरपालिका, हरिपुर नगरपालिका र बरहथवा नगरपालिकासँग भइसकेको छ । ती पालिकाले पनि दमकल सञ्चालन वापत वार्षिक तीन लाख रुपैयाँकै दरले भुक्तानी गर्ने सम्झौता भएको नगरप्रमुख बुढाथोकीले बताए।

सर्लाहीमा उत्तरी भेगमा हरिवन नगरपालिकासँग र दक्षिणी भेगमा सदरमुकाम मलङ्गवा नगरपालिकासँग मात्रै दमकल छन्। हरिवन नगरपालिकाले दमकल सञ्चालनको खर्च व्यवस्थापन गर्न पाँच वटा पालिकासँग साझेदारी गरे पनि सदरमुकाम मलङ्गवा नगरपालिकासँग भने कुनै पनि पालिकाको साझेदारी हुन सकेको छैन्।

हरिवनका प्रमुख प्रशासकीय अधिकृत प्रधानले अब पाँचवटा पालिकाबाहेक अन्य पालिकासँग साझेदारी नगरिने बताए।

अन्य पालिका भौगोलिक हिसाबले टाढा पर्ने र आगलागी भएपश्चात दमकल पुगुञ्जेलसम्म आगलागीबाट धेरै नै क्षति भइसक्ने भएकाले पाँच पालिकासँग मात्रै साझेदारी सम्झौता गरिएको प्रधानको कथन छ।

# सगरमाथा आरोहणमा ठूला विपद् बिनै १७ जनाको मृत्यु



काठमाण्डु । सन् २०२३ को वसन्त ऋतुमा विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणमा जसरी सर्वाधिक आरोहणको इतिहास रचियो त्यसैगरी केही दुःखद् घटनाको पनि सामना गर्नुपर्‍यो । यस यामको सगरमाथा आरोहणमा ठूला विपद्बिना नै १७ जनाको मृत्युभयो । पर्यटन विभागका अनुसार मे २६ तारिखसम्म सगरमाथा आरोहणका क्रममा सात नेपाली र १० विदेशीसहित १७ जनाको मृत्यु भयो।

नेपाल, भारत, चीन, मलेसिया, सिङ्गापुर, अष्ट्रेलिया, अमेरिका, क्यानाडा र हङ्गेरी गरी नौ देशका नागरिकको सगरमाथा आरोहणका क्रममा मृत्यु भएको हो।

यस वर्षको सगरमाथा आरोहणमा प्रतिकूल मौसम अर्थात् बढी चिसो भएकाले पनि धेरै सङ्ख्यामा आरोहीको मृत्यु भएको २८ पटक सगरमाथाको आरोहण गरेर विश्वकीर्तिमान कायम गर्नुभएका कीर्तिमानी आरोही कामीरिता शेर्पाले बताउनुभयो । "यसपाली चिसो बढी थियो, मौसमले पनि साथ दिएन, कतिपय दक्ष र अनुभवी गाइड पर्याप्त नभएकाले पनि मृत्यु बढेको हुनसक्छ", उहाँले भन्नुभयो।

विभागका पर्वतारोहण शाखाका निर्देशक युवराज खतिवडाका अनुसार प्रतिकूल मौसमका कारण यो वर्ष धेरै सङ्ख्यामा आरोहीको दुःखद् मृत्यु भएको छ । "यो पटक मौसमकै कारण धेरै आरोहीको मृत्यु भएको हो, मौसम सफा भयो भनेर आरोही अघि बढे बिचमा मौसम छिटोछिटो परिवर्तन भयो । यसपटक मौसम प्रतिकूलताका कारण नै धेरैको मृत्यु भएको छ", उहाँले भन्नुभयो।

यस याममा आरोहीको सङ्ख्या बढी भएको भनी प्रचारमा आएको विषय सत्य नरहेको भन्दै निर्देशक खतिवडाले मौसमले साथ नदिएकाले आरोहीको भिड बढेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो,"विदेशी सञ्चार माध्यमले आलोचना गरिरहेका छन् धेरै आरोहीलाई अनुमति दिइयो भनेर तर हामी (पर्यटन विभाग) त्यसलाई स्वीकार गर्दैनौँ।"

निर्देशक खतिवडाले ३० दिनका लागि कूल चार सय ७८ आरोहीलाई आरोहण अनुमति दिइएको र औसतमा दैनिक १६ जनाको आरोहण हुने अनुमानसहित आरोहण अनुमति दिइएकाले आरोहीको सङ्ख्या बढी भनेर आलोचना गर्नुको तुक नरहेको बताउनुभयो।

चुचुरोसम्म बाटो बनाउने आइसफल डाक्टर पनि अनुकूल मौसमको पर्खाइमा आधार शिविरमा छन् । मौसमले साथ दिएमा छिट्टै उनीहरूले सगरमाथाको चुचुरोसम्म डोरी टाँगेर आरोहण सुरु भएको सन्देश दिने इमाजिन नेपालका कार्यकारी निर्देशक दावा ग्याल्जेन शेर्पाले राससलाई जानकारी दिनुभयो।

धेरै सङ्ख्यामा आरोहीलाई अनुमति दिइएकाले सगरमाथामा मृत्यु पनि बढेको र आरोहीको जाम लागेको भन्ने विदेशी सञ्चारमाध्यमका कुरा सत्य नभएको बरु प्रतिकुल मौमसका कारण केही दिन आरोहीहरूले एकै समयमा बढी भिडभाड गरेकाले धेरै सङ्ख्यामा मानवीय क्षति भएको नेपाल पर्वतारोहण सङ्घका पूर्वअध्यक्ष आङछिरिङ शेर्पाको भनाइ थियो।

"यस यामको सगरमाथा आरोहणमा मौसमका कारणले धेरै मृत्युदर बढेको देखिन्छ। कुनै आकस्मिक र ठूलो विपद् त हैन मौसमकै कारणले धेरै मानवीय क्षति भयो।" विभागका अनुसार सामान्यतयः अप्रिल अन्तिमसम्म 'रोप फिक्सिङ'को काम सकिन्छ। मे महिनाभरी आरोहण चल्छ । यो सङ्ख्या सगरमाथामा भएका ठूला विपद्पछिको सबैभन्दा धेरै हो। यसअघि सन् २०१५ (विस २०७२ वैशाख १२ गते) आएको गोरखा महाभूकम्पका कारण १९ जनाको मृत्यु भएको थियो।

त्यसअघि सन् २०१४ मा खुम्बु आइसफलमा गएको हिमपहिरोमा परी १६ जनाको मृत्यु भएको थियो। मौसम प्रतिकूलताका साथै हाईअल्टिच्यूटका कारण पनि यो वर्ष धेरै आरोहीको मृत्यु भएको इमाजिन नेपालका कार्यकारी निर्देशक दाबा ग्याल्जेन शेर्पाले बताउनुभयो।

**कुन मितिमा कुन–कुन देशका आरोहीको मृत्यु**

सगरमाथा आरोहणको बाटो खुलाउने क्रममा : अप्रिल १२ तारिखका दिन खुम्बु क्षेत्रमा तीन शेर्पा बेपत्ता भएका थिए । पर्यटन विभागका अनुसार खुम्बु पासाङल्हामु गाउँपालिका-५ निवासी दाछिरी शेर्पा, पेम्वा तेन्जिङ शेर्पा र लाक्पा रीता शेर्पा हिउँको ढिस्कोले पुरिएर बेपत्ता भएका हुन् । उनीहरू इमाजिन नेपाल ट्रेक्सबाट खटिएका थिए । सगरमाथाको चुचुरोसम्म डोरी टाँग्ने (रोप फिक्सिङ) को सामान लैजानेक्रममा उनीहरू हिउँको ढिस्कोमा बेपत्ता भएका थिए।

सन् २०२३ को वसन्त ऋतुमा सगरमाथा हिमालको दोस्रो शिविरदेखि चुचुरोसम्म 'रोप फिक्सिङ' गर्न पर्यटन विभागबाट पर्वतारोहण सञ्चालक सङ्घलाई जिम्मेवारी दिइएको थियो । सो कामको जिम्मा पाएको इमाजिन नेपाल ट्रेक प्रालिका तर्फबाट दावा ग्याल्जे शेर्पाको नेतृत्वमा एक फोटोग्राफरसहित नौ शेर्पाले 'रोप फिक्सिङ' गरेका थिए।

मृतकमध्ये तीन नेपाली र तीन विदेशीसहित छ जनाको सगरमाथा आरोहपछि मृत्यु भएको थियो भने बाँकी ११ जनाको आरोहणका क्रममा मृत्यु भएको थियो। ह्याप्पी फिट कम्पनीबाट आरोहणमा जानुभएका नेपाली आरोही रञ्जित कुमार झाको २५ तारिखका दिन मृत्यु भएको थियो । एक्सिपीडिसन हिमालयबाट जानुभएका लाक्पा नोर्बु शेर्पाको पनि सोही दिन मृत्यु भएको थियो।

त्यस्तै पिक प्रमोसन कम्पनीबाट आरोहणमा जानुभएका फुर्बा शेर्पाको मे १६ तारिखका दिन मृत्यु भएको थियो । त्यसैगरी विदेशी नागरिक क्रमशः मलेसियाका एज आकासान्दर विन अम्पुअन याक्कुवको मे १९ मा, सोही दिन सिङ्गापुरका श्रीनिवास सान्स दत्त र अष्ट्रेलियाका जासोन्ब बर्नाड लेलिन्सोनको मे १९मा मृत्यु भएको थियो।

उहाँहरू क्रमशः पायोनियर एक्सिपीडिसन सेभेन समिट ट्रेक्स र एसियन ट्रेकबाट आरोहणमा जानुभएको थियो । त्यस्तै भारतका सुबान्ने लियोपोल्डिएनोको मे १८मा लुक्लामा मृत्यु भएको थियो । उहाँ ग्लेसियर ट्रेकिङ कम्पनीबाट आरोहणमा जानुभएको थियो । त्यस्तै एटके एक्सिपीडिसनबाट आरोहाणमा जानुभएका चिनियाँ नागरिक जुएविन चेनको मे १८ मा सगरमाथाको साउथ समिटमा मृत्यु भएको थियो । त्यसैगरी मे १मा सगरमाथाको दोस्रो शिविरमा अमेरिकी नागरिक जोन थान सुगरम्यानको मृत्यु भएको थियो । उहाँ इमेज कम्पनीबाट आरोहणमा जानुभएको थियो।

अप्रिल १२ का दिन इमाजिन नेपालबाट जानुभएका लाक्पा रीता शेर्पाको खुम्बु आइसफलमा मृत्यु भएको थियो । मे २१ तारिखमा पिक प्रमोसन कम्पनीबाट आरोहणमा जानुभएका आङकामी शेपाको सगरमाथाको दोस्रो शिविरमा मृत्यु भएको थियो।

क्यानेडियन नागरिक एस पेटरुस अल्वर्टयनको मे २५मा सगरमाथाको तेस्रो शिविरमाथि मृत्यु भएको थियो। उहाँ हिमालयन गाईड कम्पनीबाट आरोहणमा जानुभएको थियो । सेभेन समिट ट्रेक्सबाट जानुभएका हङ्गेरीका स्जीलार्ड सुहाजडाको हिलारी स्टेपमा मे २४मा मृत्यु भएको थियो।

यस यामको सगरमाथा आरोहण गत वैशाख ३० गते देखि सुरु भएको थियो । झण्डै जेठको तेस्रो सातासम्म आरोहण भएको थियो। सगरमाथाको दोस्रो शिविरसम्म सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी)ले बाटो बनाएको थियो। सङ्घका पूर्वअध्यक्ष शेर्पाका अनुसार सन् २०१४ को हिमपहिरो र सन् २०१५ को महाभूकम्पछि यसवर्ष सबैभन्दा धेरै आरोहीको मृत्यु भएको हो।

यकिन तथ्याङ्क नभए पनि सन् १९५३ देखि हालसम्म तीन सय २८ जनाको मृत्यु भएको बताइन्छ। हालसम्म झण्डै आठ हजारले सगरमाथा आरोहण गरिसकेका छन् । व्यक्तिगतरूपमा मात्रै एघार हजार हाराहारी आरोहीले सगरमाथा चढेको उहाँले जानकारी दिनुभयो।

यो याममा सगरमाथाको चौँथो शिवविरसम्म बाटो खोलिसकेपछि उच्च हिमाली क्षेत्रमा लामो समयसम्म चलेको चर्को हावा र खराब मौसमका कारण सगरमाथाको चुचुरोसम्म 'रोप फिक्सिङ' गरी बाटो खोल्ने काममा केही ढिला भएको विभागले जनाएको छ। मौसम बिग्रिएकाले झण्डै दुईसाता ढिलोगरी आरोहण सुरु भएको थियो । सगरमाथा क्षेत्रमा प्रतिघण्टा ३५ देखि ४० किलोमिटर हावाको बेग चलेकाले आरोहणमा कठिनाइ भएको थियो।

सगरमाथा आरोहणको ७० वर्षे इतिहासमा यस वर्ष हालसम्मकै सर्वाधिक बढी आरोहीले अनुमति लिएका थिए। पर्यटन विभागका अनुसार यस याममा ४७ आरोही समूहका चार सय ७८ आरोहीले आरोहण अनुमति लिएकामा शेर्पा सहयोगीसहित ६०० हाराहारीले सगरमाथा आरोहण गरेका थिए । नेपालसहित ६५ देशका नागरिकले अनुमति लिएका थिए।

सन् १९५३ मे २९ तारिखका दिन दुई साहसी पर्वतारोही नेपाली तेञ्जिङ नोर्गे शेर्पा र न्यूजिल्याण्डका सर एड्मन्ड हिलारी सगरमाथाको चुचुरोमा पुग्नुभएको थियो। सगरमाथा चढ्ने होडबाजीका साथै आरोहीहरूले नयाँ-नयाँ कीर्तिमानसमेत थप्दै आएका छन् । कामीरिता शेर्पाले २८ पटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान बनाउनुभएको छ। उहाँले वसन्त ऋतुको आरोहणमा सगरमाथाको दुई पटक क्रमशः जेठ ३ गते र जेठ ९ गते सगरमाथाको चुचुरोमा पुगेर आफ्नै कीर्तिमान तोड्नुभएको थियो। रासस

## भुलसुधार

भाट भटेनी सुपर मार्केट एण्ड डिपार्टमण्टल प्रा.लि. को वातावरणीय अध्ययन प्रतिवेदनको प्रकाशित मिति २०८०/२/३० हुनुपर्नेमा अन्यथा हुन गएकोले भुल सुधारगरिएको छ।

# हत्या आरोपमा मण्डल पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । हत्याको आरोपमा मिथिला विहारी नगरपालिका- ८ का २२ वर्षीय ओमलाल मण्डललाई पक्राउ गरिएको छ । धनुषा प्रहरीले तारापट्टीकी ४२ वर्षीय उषा दासको हत्या आरोपमा उनलाई पक्राउ गरी सार्वजनिक गरिएको छ।



मण्डल बाराको कलैया नगरपालिका १८ का छन् । उनी जनकपुरधाम केन्द्र बनाइ घर बनाउने राज मिस्त्रीको काम गर्दै आएका थिए । सोही क्रममा तीन वर्षअघि उषासंग चिनजान भइ प्रेममा गासिएको प्रहरी अनुसन्धानबाट खुलेको छ । ती महिलाले पटक पटक विवाह गर्न दबाब दिँदै आएकी थिइन् ।

गत बिहीबार पनि ओमलाल र उषासँग सोही विषयमा विवाद भएको थियो । ओमलाल रक्सी सेवन गरी रहेकै समय विवाद हुँदा उषाको घाटी थिचेर हत्या गरेको धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्काले जानकारी दिए।

उनका अनुसार उषा एकल महिला थिइन् । उनको उमेर बढी भएको कारण ओमलालले विवाह गर्न अस्वीकार गर्दै आएका थिए। प्रहरीको अनुसार ओमलाल ती महिलासँग प्रेम सम्बन्धमा बसे पनि परिवारले नमानेपछि सम्बन्ध टुटाउने प्रयास गर्दै आएका थिए। ओमलाल टाढा टाढा बसे पनि महिला पत्ता लगाएर ओमलालको ठाउँमा पुग्ने गरेकी थिइन्।

ओमलाले गत बिहीबार राति तारापट्टीस्थित घरमै फलामको रडले हत्या गरी घर पछाडिको पोखरीको डिलमा गाडेका थिए । शव तत्काल व्यवस्थापन गर्न उनले कपडा खोली नाङ्गै गाडेका थिए । मृतक महिलाले प्रयोग गर्ने मोबाइल सोही पोखरीमा फालेका थिए भने लगाएको कपडा पोखरीको अर्को डिलमा गाडेको प्रहरी अनुसन्धानमा देखिएको छ।

राति महिलाको हत्या गरी ओमलाल उनकै घरमा बसी भोलिपल्ट जनकपुरधाम आएका थिए । पैसाको व्यवस्थापन गरी उनी अपराध लुकाउन चितवन गएका थिए। मोबाइल लोकेसनको आधारमा प्रहरीले चितवन प्रहरीको सहयोग लिइ उनलाई सोमबार पक्राउ गरेर धनुषा ल्याएका थिए। प्रहरीले खाल्डो खन्न प्रयोग गरेको बेल्चा, कपडा बरामद गरेको छ भने मोबाइल अझै बरामद गर्न सकेको छैन्।

# जनकपुर कम्युनिटी कलेज र प्रेसिडेन्सियल बिजनेशबीच सहकार्य

**टुडे समाचारदाता**

काठमाण्डु । जनकपुर कम्युनिटी कलेजको शक्षिैक्षिक स्तर प्रवर्द्धन गर्ने दि शामा महत्वपूर्णप्रगाति गर्दै जनकपुर कम्युनिटी कलेज र प्रेसिडेन्सियल बिजनेस स्कूलबीच मंगलबार औपचारिक रुपमा सम्झौतामा हस्ताक्षर भएको छ। जनकपुर कम्युनिटी कलेजको शैक्षिक सरंचनाको विकासमा पारस्परिक सहयोग, विद्यार्थी र सकांयबीचको अन्तरक्रिया अभिवृद्धि गर्ने र प्राज्ञिक सरंचनाको वि कासमा टेवा पर्‍याउने उद्देश्यका साथ यो सम्झौता गरिएको छ।

सम्झौता अन्तर्गत प्रेसिडेन्सियल बिजनेस स्कुलले जनकपुर कम्युनिटी कलेजलाई काठमाण्डुको भ्रमणका क्रममा विद्यार्थी अन्तरक्रियाको अवसर प्रदान गर्ने र जनकपुर कम्युनिटी कलेजका विद्यार्थीको ज्ञान र सीप अभिवृद्धि गर्न सहयोग गर्नेछ।

यस सहकार्यले जनकपुर कम्युनिटी कलेजका विद्यार्थीहरूको लागि शौक्षिक अनभुवलाई समृद्ध बनाउने र कलेजहरूबीचको शैक्षिक सम्बन्धलाई सुदृडबनाउने अपेक्षा गरिएको छाकलेजहरू आ-आफ्नो सकांयहरूबीच शैक्षिक सवांद र सहयोगलाई प्रोत्साहित गर्न प्रतिबद्ध छन्।

जनकपुर कम्युनिटी कलेजका सकांय सदस्यहरूले प्रेसिडेन्सियल बिजनेस स्कूलको भ्रमण गर्ने, शिक्षण कार्यक्रर्यमहरू, शैक्षिक कार्यशालाहरू र अन्य सम्बन्धी त गतिविधिहरूमा



भाग लिने अवसर पाउनेछन्। सम्झौताले शैक्षिक सहयोगको आवश्यकतालाई पनि जोड दिएको छ । प्रेसिडेन्सियल बिजनेस स्कूलले जनकपुर कम्युनिटी कलेजलाई शैक्षिक सरंचना, शि क्षण पद्धति र गुणस्तरीय मापदण्डको विकास गर्न मार्गदर्शन र सहयोग प्रदान गर्नेछ । हस्ताक्षरमा जनकपुर कम्युनिटी कलेजका अध्यक्ष अमित ठाकुर र प्रेसिडेन्सियल बिजनेश स्कुलका कार्यकारी अध्यक्ष लक्ष्मण केसी उपस्थित थिए । यस सम्झौतासँगै जनकपुर कम्युनिटी कलेजले शैक्षिक गुणस्तरलाई बढावा दि न र आफ्ना विद्यार्थीहरूको लागि शैक्षिक अवसरहरू अभिवृद्धि गर्ने दिशामा महत्वपूर्ण कदम चालेको छ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय। |
| बृष | : वाद विवादबाट बच्नु। |
| मिथून | : शिक्षामा उन्नति। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : भ्रमण अवसर हुने। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : पारिवाहिक सुख। |
| बृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : नयाँ कार्य हुने। |
| कुम्भ | : अवसर प्राप्त। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# जग्गाको कित्ताकाट खुल्यो

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी जिल्लामा मटिहानी नगरपालिकाले आफ्नो नगरक्षेत्रभित्र रहेको जग्गाको कित्ताकाट सार्वजनिक गरेको छ ।

मटिहानी नगरपालिकाले भू-उपयोग नियमावली २०७९ को नियम ५ उपनियम (१) ले दिएको अधिकारको उपयोग गर्दै जग्गा सार्वजनिक गरेको मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले जानकारी दिए ।

भू-उपयोग क्षेत्र वर्गीकरण सार्वजनिकीकरण गर्दै नगरप्रमुख मण्डलले भने, 'नगरपालिकामा कृषि क्षेत्रतर्फ १६८६.७१८ हेक्टर, व्यावसायिक क्षेत्रतर्फ १७.६२८ हेक्टर, सांस्कृतिक क्षेत्रतर्फ २.४०० हेक्टर, नदीजन्य पोखरी क्षेत्रतर्फ ६४.७७६ हेक्टर, औद्योगिक क्षेत्रतर्फ २६.८४२ हेक्टर, सार्वजनिक क्षेत्रतर्फ ६५.६९४ हेक्टर र आवासीय क्षेत्रतर्फ १०५४.७७४ हेक्टर जग्गा वर्गीकरण गरेका हौं ।'

नगरप्रमुख मण्डलले वर्गीकरण गरेको जग्गाहरू जम्मा ३४ हजार तीन सय ९७ कित्ता रहेको र मङ्गलबारदेखि सबै जग्गाको कित्ताकाट खुल्ला गरिएको बताए ।



जग्गाको कित्ताकाट अभावमा नगरवासीहरुलाई सामाजिक कार्यहरूमा असहजता देखिएकोले नगरपालिकाले जग्गाको वर्गीरणमा तदारुकता देखाउँदै कित्ताकाट खोलाएको जनाएको छ। जिल्लामा बर्दिबास नगरपालिका, जलेश्वर नगरपालिका, गौशाला नगरपालिकाले यस अघि जग्गाको वर्गीकरण गरी कित्ताकाट खुलाइसकेको छ ।

जग्गा वर्गीकरण सार्वजनिकीकरण कार्यक्रममा उपप्रमुख मञ्जु देवी साह, प्रमुख प्रशासकीय अधिकृत चन्द्र शेखर शर्मा, इन्जिनियर विमलेश साह, योजना अधिकृत राजेश कुमार शर्मा, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू नापी कार्यालयका प्रतिनिधि अधिकृत ज्ञानकुमार यादव सहित सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

जग्गा कित्ताकाट रोकिएको कारण वर्षौंदेखि सास्ती भोग्नुको साथै विभिन्न कामहरू गर्न/गराउन नपाएका मटिहानी नगरवासीहरुले मङ्गलबारदेखि जग्गा सम्बन्धी कामहरू सुरु भएको छ ।

# सवारी दुर्घटनामा वृद्धि

**रुपेन्द्र पटेल**

रौतहट । रौतहटमा ट्राफिक व्यावस्थापन फितलो भएका कारण सवारी दुर्घटनाका घटना दिनप्रतिदिन बढ्दै जान थालेको छ । रौतहटमा पूर्व पश्चिम राजमार्ग, वीरेन्द्र राजमार्ग गरेर दुईवटा मुख्य राजमार्ग रहेका छन् ।

राजमार्ग छेउछाउका स्थानहरु शहरीकरणले गर्दा बाक्लो बस्ती अनि जनघनत्व रहेको छ । यी राजमार्गमा रौतहट ट्राफिकले दुर्घटना न्यूनीकरण गर्नुको साटो राजमार्गमा बसेर रकम असुल्ने काम गर्ने गरेको सवारी चालकहरुको कथन छ।

चन्द्रनिगाहपुरको मुनलाइट एकेडेमी अगाडि भएको दुर्घटनामा परेर चन्द्रनिगाहपुरका एक स्थानीय बासिन्दाको मृत्यु भएको छ । चन्द्रनिगाहपुर स्थित चाँदी खोलादेखि चन्द्रनिगाहपुर स्थित ट्राफिक पोष्टसम्म बजार एरियामा सवारी साधान तीव्र गतिमा गुड्दासमेत चोक डिउटीमा रहने ट्राफिक प्रहरी कानमा तेल हालेर बस्ने गरेका कारण सवारी दुर्घटना बढेको स्थानीयको कथन छ ।

बागमती प्रदेश १०१७ च ८१५६ नम्बरको तीव्र गतिमा गुडेको कारले



ठक्कर दिदा मोटरसाइकलमा सवार रहेका चन्द्रनिगाहपुरमा बसोवास गर्नें गोर्खा घर भएका शंखरबाबु थापा मगरको उपचारका क्रममा काठमाण्डुमा मृत्यु भएको छ । सोही कारको ठक्करबाट नेपाली कांग्रेस रौतहटका स्थानीय नितेश गुप्ता घाइते भएका छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुर अगाडि बसेर साँझ र बिहानको समय ट्राफिक प्रहरीले गाडी रोकेर विभिन्न बाहाना बनाउँदै रकम असुल्ने काम गर्ने गरेको सवारी दुर्घटना न्यूनीकरणको विषयमा चासो नदिएको एकजना सवारी चालकले बताए ।

बढ्दो जनघनत्व र सवारी चापलाई व्यवस्थापन गर्ने गरी पार्किङ व्यवस्था कतै पनि गरिएको छैन । जिल्लाभरि नै सवारी साधनहरु सडकमै पार्किङ गरिन्छ भने सडकमै हाटबजार लाग्छन् । जसले सडक साँघुरिएर पैदल यात्रु सडकबाटै हिड्नुपर्ने वाध्यता गर्दा सवारीसाधनले ठक्कर दिएर हुने दुर्घटना पनि बढ्दो क्रममा रहेको छ । त्यसैगरी,बसपार्क नहुँदा साना तथा ठूला सवारी साधनहरु सडकको दायाँबायाँ राखेर यात्रु चढाउने ओराल्ने गर्दा दुर्घटनाको जोखिम उच्च रहेको छ। यता स्थानीय सरकारका प्रमुख भने आफूहरु पार्किंगलाई व्यवस्थित गर्न बसपार्क बनाउन लागिरहेको बताउँछन् । पछिल्लो समय रौतहट ट्राफिकको काम चन्द्रनिगाहपुर बागमती सडक खण्डमा बिहान बेलुका धराप थापेर पैसा असुल्नु ,चन्द्रनिगाहपुर गौर सडक खण्डको विभिन्न स्थानमा त्यसैगरी धराप थाप्दै रकम असुल्दै गर्ने गरेको जानकारहरुको भनाइ छ ।

धेरै पैसा कमाइ हुने बागमती ,गरुडा लगायतका स्थानमा जानका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा हानाथापनै हुने गरेको जानकारहरु बताउँछन् ।

अस्थायी ट्राफिक प्रहरी पोष्ट बागमती र गरुडामा धेरै पैसा असुल उपर हुने चन्द्रनिगाहपुर स्थित ट्राफिक प्रहरी कार्यालय अगाडिको राजमार्गमा दैनिक डिउटीमा खटिका लागि समेत ट्राफिक भित्रै मारामार हुने गरेको स्रोतले जनाएको छ ।

# स्कारपियोको ठक्करले एकको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको ईश्वरपुर नगरपालिका वडा नं. ९ खोरियाटोलमा चन्द्रनगर गाउँपालिकाका पूर्व अध्यक्ष महेन्द्र महतो सुडी सवार भारतीय स्कारपियोको ठक्करबाट एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा चन्द्रनगर गाउँपालिका वडा नं. २ का अन्दाजी ४५ वर्षीय मनोज महतो रहेका छन् ।

मंगलबार बयलबास भेल्ही सडक खण्ड अन्तर्गत दक्षिणबाट उत्तरतर्फ बैयलबास जाँदै गरेको मोटरसाइकल धनी महतो ज २ प ६४५२ नम्बरको मोटरसाइकललाई उत्तर दिशाबाट दक्षिण बबरगंजतर्फ जाँदै गरेको पूर्व गाउँपालिका अध्यक्ष सुडी सवार बिआर ३९ पि २४५९ नम्बरको भारतीय स्कारपियोको ठक्करबाट मनोज गम्भीर घाइते भएका थिए । गम्भीर घाइते भएका मनोजको उपचारको लगि बर्दिबास लादै गरेको समयमा बाटैमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

महतोको मृत्यु भएपछि स्थानीय तथा महतोका आफन्तले टायर बालेर चक्काजाम गर्दै प्रदर्शन गरिरहेका छन् । प्रदर्शनकारीहरूले पूर्व गाउँपालिका अध्यक्षलाई पक्राउ



गरी कारबाही गर्दै प्रदर्शन गरिरहेका छन्।चन्द्रनगर गाउँपालिकाका स्थानीय अजय महतोले पूर्व गाउँपालिका अध्यक्ष महेन्द्र महतो सुडी सुनियोजित तरिकाले घटना घटाएको बताए ।

पूर्व अध्यक्ष सुडी र महतोको गाउँ एउटै भएको हुँदा पुरानो व्यक्तिगत रिसिइवीले आफ्नो दिशा छोडेर मोटरसाइकल भएको दिशामा स्कारपियो ल्याई मनोजलाई ठक्कर दिइ हत्या गरेको बताए । उनको अनुसार पूर्व गाउँपालिका अध्यक्ष सुडीलाई कारबाही नगरुन्जेल सम्म चक्काजाम हुने बताए । मोटरसाइकललाई ठक्कर दिने स्कारपियो चालक भागेको प्रहरीले खोजतलास गर्दा बबरगंज स्थित रामजानकी मठ अगाडि स्कारिपियो बेवारिसे अवस्थामा छोडेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताए ।

फरार व्यक्तिहरूको खोजी कार्य गर्दा स्कारपियो चालकलाई नियन्त्रणमा लिइएको एसपी सुवेदील बताउँदै अहिले स्कारपियो तथा स्कारपियो चालक र मोटरसाइकल ईलाका प्रहरी कार्यालय केशरगंजको नियन्त्रणमा राखिएको र अन्य अनुसन्धान कार्य भइरहेको बताए ।

# दुई सिकारी पक्राउ


**रञ्जन यादब**

कलैया । बाराको कोल्हबी नगरपालिका -२ स्थित तीन नम्बर घोल भन्ने ठाउँबाट दुई जना सिकारी पक्राउ परेका छन् । पक्राउ पर्नेमा जीतपुरसिमरा उपमहानगरपालिका -१६ टाँगियाका वर्ष ३४ का विनोद विश्वकर्मा र वर्ष ३५ का सुकमान मोक्तान रहेका छन् ।

वन्यजन्तुको सिकारको पर्खाइमा बसिरहेका १०,१२ जना समूहको टोलिहरुमध्ये दुई जना पक्राउ परेका थिए भने अन्य फरार भएका थिए ।

तामागढी सब डिभिजन वन कार्यालयका जमदार सोनालाल राउत कुर्मीका अनुसार फरार भएका सिकारीहरुसँग बन्दुकसहित अन्य हातहतियारसमेत भएको दाबी गरेका छन् ।

जंगलमा उनीहरु खाल्डा र बाल्टीनमा पानी भरी त्यसमा विभिन्न किसिमका खाद्यन्न वस्तुहरु राखेर मचानमा बसि उनीहरु जंगली जनावरहरुको पर्खाइमा बसेका थिए । वनरक्षक टोलिले सिकारी बसेको ठाउँबाट



बा ५ च ४३५३ नम्बरको म्याजीक भ्यान ,कोदालो २ वटा ,बाल्टीन ५ वटा ,टाँगी एक वटा र डोरी बरामद गरेको छ ।

पक्राउ परेका दुई जनालाई डिभिजन वन कार्यालय बाराको नियन्त्रणमा राखी जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको जनाइएको छ ।

# साहको कारबाही फुकुवा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहमाथि नेपाली कांग्रेसले गरेको कारबाही फुकुवा गरेको छ ।

नेकांको केन्द्रीय अनुशासन समितिले मंगलबार पत्राचार गरी मेयर साहमाथिको कारबाही फुकुवा गर्दै उनको साविकको पदसमेत निरन्तर रहने जानकारी दिएको छ ।

उनी साबिकमा नगरसमितिका सभापति रहेका थिए । कारबाही फुकुवा भएसंगै मेयर साह नेपाली कांग्रेस जनकपुरधाम उपमहानगर



समितिको सभापतिमा निरन्तरता पाएका छन् ।

स्थानीय तहको निर्वाचन २०७९मा पार्टीको तर्फबाट विद्रोही भएका उम्मेदवार साह एवम् उनका प्रस्तावक र समर्थकलाई नेकां केन्द्रीय अनुशासन समितिले साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको थियो ।

सो कारबाहीपछि मेयर साहले पुनः पार्टीमा रही हिजोको आफ्ना गतिविधिलाई आत्मसात गर्दै पार्टीको आदर्श,सिद्धान्त र उद्देश्य अनुसार क्रियाशील भइ पार्टीमै रहने प्रतिबद्धतासहितको निवेदन दिएर कारबाही फुकुवाको लागि निवेदन दिएको र सोही आधारमा उनको कारबाही फिर्ता लिइएको समितिका संयोजक आनन्द प्रसाद ढुंगानाद्वारा हस्ताक्षरित पत्रमा उल्लेख छ ।

# तीन नाबालकको उद्दार




**टुडे समाचारदाता**

रौतहट । रौतहटका ३ जना नाबालक श्रमिकको भारतबाट उद्दार गरी आफ्न्तलाई बुझाइएको छ ।

सामुदायिक विकास तथा सचेतना नेपालको पहलमा र भारत स्थित एक गैर सरकारी संस्था तथा भारतीय प्रहरीको समन्वयमा भारतको मुम्बइको एक ब्याग उद्योगका कार्यरत तीन जना नाबालकको उद्दार गरिएको छ ।

उद्दार गरिएका बालकहरुलाई मंगलबार परिवारलाई जिम्मा लगाइएको सामुदायिक विकास तथा सचेतना नेपालका कार्यकारी निर्देशक दिलीप कोइरालाले जानकारी दिए । महिला बालबालिका तथा जेठ नागरिक सेवा केन्द्र गरुडामा आयोजित कार्यक्रममा राजपुर नगरपालिकाका एक जना,बृन्दावन नगरपालिकाका एक जना र यमुनामाई गाउँपालिकाका एक जना गरी ३ जना नाबालकहरुलाई परिवारको जिम्मा लगाइएको कार्यकारी निर्देशक कोइरालाले जानकारी दिए ।

# सेवाहरुमा विशेष छुट



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल एसबिआई बैंक लि. र अरोगिन हेल्थकेयर प्रा.लि.बिशालनगर, काठमाण्डु बीच नेपाल एसबिआई बैंकका सम्पूर्ण भिसा डेबिटकार्ड तथा मोबाइल बैंकिंग सेवा प्रयोगकर्ता ग्राहकहरुलाई लक्षित गरी अरोगिन हेल्थकेयर प्रा.लि.मा कार्ड तथा मोबाइल बैंकिंग प्रयोग वापत विभिन्न सेवा जस्तै कपाल प्रत्यारोपण, टँला स्याहार,दन्त सेवा, दिवा स्याहार, चौविस घण्टे नर्सिङ सेवा,फिजीयोथेरापी, तथा अन्य ल्याव सम्बन्धी सेवाहरुमा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ ।

उ त ˜ सम्झौता बैंककामुख्यप्रबन्धकश्री विनोद कुमार ढूंगेल हेल्थ केयरका प्रबन्धक श्रीजानूका बिष्ट बीच सम्पन्न भएको थियो ।

# सिटिजन्स बैंकका ग्राहकलाई विभिन्न संस्थामा विशेष छुट

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले विभिन्न संस्थाहरुसंग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ सम्झौता गरेको छ । सम्झौता पश्चात सिटिजन्स बैंकका ग्राहकहरुले उक्त संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्ने भएका छन् ।

बैंकका ग्राहकहरुले आदर्सनगर, विरगन्ज अवस्थित औरा इलेभेनका सेवाहरुमा अधिकतम १५ प्रतिशत छुट पाउनेबारे सम्झौता भएको छ । त्यस्तै, कन्चनरुप, सप्तरीमा अवस्थित एमडी हेल्थ केयर हस्पिटलका सेवाहरुमा अधिकतम १० प्रतिशतसम्म छुट पाउने छन् ।

बैंकले बोदेबर्साइन सप्तरीमा अवस्थित बोदेबर्साइन लाइफ



केयर पोली क्लिनिकका सेवाहरुमा अधिकतम १७ प्रतिशतसम्म छुट दिनेबारे सम्झौता गरेको छ। साथै नवलपुर अवस्थित कालिगन्डकी नारायणी सामुदायिक हस्पिटलका सेवाहरुमा अधिकतम १५ प्रतिशतसम्म छुट दिनेबारे समेत बैंकले सम्झौता गरेको छ ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

# ऐडभान्स गार्मेन्ट फब्रिकेटर तालिम

**टुडे समाचारदाता**

कलैया । घरमै बसी सिलाई कटाई गरिरहेकी महिलाहरुको आर्थिक अवस्था उकास्नका लागि बाराको बकुलियामा ऐडभान्स गार्मेन्ट फब्रिकेटर तालिम प्रदान गरिएको छ।

जीतपुरसिमरा उपमहानगरपालिकाको उद्यम विकास शाखाद्धारा सञ्चालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा १३ जना महिलाहरुलाई तालिम प्रदान गरेको सहजकर्ता दीपनारायण रायले जानकारी दिए । तालिम मेड्पा सञ्चालन



निर्देशिका, २०७७ बमोजिम मेडमोडेल अनुसार ३२ दिन तालिम सञ्चालन गरिएको थियो । लघु उद्यमीहरुको निरन्तरता र रोजगारी सुनिश्चिताको लागि जीतपुर स्थित एच एण्ड ए गार्मेन्ट उद्योगसँग ३५० सेट कुर्ता सुरुवाल र २५० पिस सर्टपेन्ट पोशाक तयारी गर्ने दुई पक्षिय लिखित समभौता भएको मेडपा कार्यक्रमका सहजकर्ता रायले जानकारी दिए ।

दुई पक्षिय सम्झौतामा यसलाई निरन्तरता दिने सर्त राखिएको छ। ऐडभान्स गार्मेन्ट फब्रिकेटर तालिम समूहको आफ्नै भवन बकुलिया सञ्चालित तालिम सम्पन्न भएको थियो ।

जनकपुरधाम उप–महानगरपालिका, पिराडी चोक देखि पश्चिम, सिरहा मार्टको Opposite मा संचालित CFC Food Cafe मा विभिन्न परिकारको गुणस्तरीय तथा स्वादिष्ट खाना, नास्ताको लागि एकपल्ट सेवाको मौका दिनुहोस । ग्राहकको सन्तुष्टि नै हाम्रो सन्तुष्टि हो ।

**हाम्रो स्पेशल परिकारहरू**

| | |
|---|---|
| Chicken Angara | 375/- |
| Chicken Cutlet | 320/- |
| Chicken Golden Fry | 330/- |
| Chicken Masala | 320/- |
| Mutton Masai Tikka | 475/- |
| Fish Tikka Crim | 395/- |
| Paneer Golden Fry | 255/- |
| Paneer Kurkure | 275/- |
| Veg 65 | 280/- |
| Soup | 150/- |
| Chicken Finger | 350/- |
| C.F.C. Damm Biryani | 495/- |
| Panjabi Paneer Pakauda | 295/- |




**सम्पर्क ठेगाना**

**CFC Food Cafe**

Janakpurdham, Pirari xhowk

Contact NO. 9801670101



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# शिक्षा क्षेत्रमा ध्यान देउ

सातै प्रदेशमा विश्वविद्यालय स्थापना गर्ने सरकारको निर्णय अनुसार मधेश प्रदेशमा पनि राजर्षि जनक विश्व विद्यालय स्थापना गरियो । हुनत यो विश्वविद्यालयको प्रस्ताव पहिलानै गरिएको थियो तर, राजनीतिक उतार चढावका कारण विश्वविद्यालयलाई स्वीकृति भने दिइएको थिएन् । मुलुक संघीय संरचनामा गएपछि सातवटै प्रदेशमा एउटा एउटा विश्वविद्यालय स्थापना गर्ने सरकारले निर्णय गरेपछि प्रस्तावित राजर्षि जनक विश्वविद्यालयलाई मान्यता दिइएको थियो । मधेश प्रदेशको राजधानीमा रहेका राजर्षि जनक विश्वविद्यालयमा अहिले पाँच सय भन्दा बढी विद्यार्थीहरु विभिन्न संकायमा पढ्दै आएका छन् । तर, विश्वविद्यालय भने लथालिंग छ । उपकुलपति देखि जिम्मेवार पदहरु प्रमुख विहीन छ । पठ्न पाठन नियमित हुँदा कर्मचारीहरुले माग राख्दै विश्वविद्यालय बन्द गराउने गरेका थिए भने अहिले जिम्मेवार स्थानहरु रिक्त रहेका वेला उनीहरु पनि मौन बसेका छन् । विश्वविद्यालयले जिम्मेवार पदहरुकालागि विज्ञापन गरेपनि अहिलेको अवस्था भने विद्यार्थीहरुको भविष्य अन्धकारमय हुने हो कि भने आशंका गरिन थालिएको छ । विश्वविद्यालयले अवका केही बर्षमा आंङ्गिक कलेजहरुको मान्यता समेत दिने तरखरमा रहेपनि विश्वविद्यालयकै अवस्था दिनप्रतिदिन दयनिय बन्नुले सरकारको कुदृष्टि परेको भन्न सकिन्छ । राजर्षि जनक विश्वविद्यालयको कुलपति प्रधानमन्त्री छन् तर, विश्वविद्यालयको अवस्था दयनीय छ । कुनै निकायले अहिले सम्म यस सम्वन्धमा कुनै पहल गर्न सकेका छैनन् । त्रिभूवन विश्वविद्यालयका आंगिक कलेज राम स्वरुप राम सागर बहुमुखि क्याम्पस जनकपुरको अवस्था पनि दयनीय छ । तलव भत्ता सरकारीमा खाने अनि काम भने नीजिमा गर्ने शिक्षकहरुमा देखिएको लोभका कारण यि शिक्षालयहरुको अवस्था दिनानुदिन खस्किदै गएको छ । नीजि स्तरका कलेजहरु भन्दा सस्तोमा राजर्षि जनक विश्वविद्यालयले पठ्न पाठन गराउन थालेपछि यहाँकै केही नीजि कलेजमा पढाउने शिक्षकहरु त्यहाँ देखाएको व्यवहारका कारण यि विश्वविद्यालयमा कोही उपकुलपति आउन चाहेका छैनन् भने उच्च पदस्त कर्मचारी विज्ञापन समेत भर्न मानेका छैनन् । हरेक विषयमा राजनीति गर्न थालेपछि यहाँका शिक्षा अवस्था दिनप्रतिदिन खस्किदो अवस्थामा गएको छ । शिक्षा क्षेत्रमा मधेश प्रदेश सुदुरपश्चिम भन्दा पछाडि पर्नुको कारण पनि शिक्षा क्षेत्रमा राजनीति हावी हुनुनै हो । एक पटक सवै मिलेर शिक्षा क्षेत्रमा ध्यान दिनुपर्ने जरुरी छ । राजनीति अन्य क्षेत्रमा गर्दा पनि हुने हो तर, शिक्षा क्षेत्रलाई राजनीतिबाट टाढा राख्नुपर्ने देखिन्छ । राजर्षि जनक विश्वविद्यालय तीर प्रदेश सरकारको पनि ध्यानाकर्षण हुनु जरुरी छ । समाजसेवीको नामले आफूलाई चिन्हाउनेहरुले पनि एक पटक शिक्षा क्षेत्रलाई हेर्ने हो कि ? चारै तिरबाट शिक्षा क्षेत्रलाई सुधार गर्ने पहल गरिएन् भने मधेश प्रदेश शिक्षाको क्षेत्रमा थप कमजोर हुने निश्चित छ ।

# भाषाको संरक्षण र प्रवर्द्धनमा एआईको प्रयोग



**रेवती सापकोटा**

आर्टिफिसियल इन्टेलिजेन्स (एआई) अर्थात् मेसिन इन्टेलिजेन्स यी दुवै शब्दले कृत्रिम बौद्धिकतालाई बुझाउँछन् । प्राकृतिक बौद्धिकताले जन्माएका मेसिनले प्रदर्शन गर्ने बौद्धिकता नै एआई हो । मानवीय बौद्धिकता अनुभवबाट प्रकट गरिन्छ भने मेसिनको बौद्धिकतामा सेन्सरबाट प्रदर्शन हुन्छ । मेसिनमार्फत समस्याको पहिचान गरी त्यसको समाधान दिनसक्नु नै कृत्रिम बौद्धिकता हो । मोबाइलको क्यामराले अनुहार चिन्नु, आवाजको नक्कल गर्नु, स्वचालित कार मान्छेको सहायताबिना गुड्नु, गुगलमा खोजिएका नतिजा प्राप्त हुनु, कम्प्युटरमा चेस वा अन्य खेल खेल्न सक्नु एआईका उदाहरण हुन् ।

कम्प्युटर र कम्प्युटर नेटवर्कमा रहेका डाटाका आधारमा एआइले काम गर्ने हो । कम्प्युटर र कम्प्युटर नेटवर्कमा रहेका शब्द, तस्बिर र आवाजलाई कम्प्युटरको भाषामा डाटा भनिन्छ । त्यसैले अवको बिश्वमा डाटालाई सुनका रुपमा बुझ्न थालिएको छ । जहाँ धेरै डाटा हुन्छ त्यो नै सम्पति हुन्छ । डाटा सर्भरमा रहन्छ । डाटाको सुरक्षा गर्नु अबको चुनौती हो । किनकी साइबर अपराध बढिरहेको छ ।

कुनै समस्या समाधानका लागि गरिने चरणबद्ध प्रक्रिया वा नियमहरुको संगालो नै अल्गोरिदम हो । अल्गोरिदमले बढी भन्दा बढी डाटा उपयोग गर्छ । कम्प्युटरको एप्लिकेसनमा अल्गोरिदम प्रयोग गरिएको हुन्छ । इनपुट अल्गोरिदमको प्रारम्भिक चरण हो भने आउटपुट अल्गोरिदमको अन्तिम चरण हो । अल्गोरिदमले लिने र दिने नजिता राम्रोसँग परिभाषित भएको हुन्छ । डिजाइन गरिएको अल्गोरिदमको भाषा स्वतन्त्र हुन्छन । सन २०१८ मा आइबीएमले नेचुरल ल्याङ्ग्वेज प्रोसेसिङ इन्जिन बर्टको निर्माण गरेपछि एआईको क्षेत्रमा तीव्र गतिमा प्रगति देखिँदै आएको छ ।

सन् २०१८ मा आइबिएमले नेचुरल ल्याङ्ग्वेज प्रोसेसिङ इन्जिन बर्टको निर्माण गरेपछि एआईका क्षेत्रमा तीव्र गतिमा प्रगति देखिदै आएको छ । सूचना प्रविधिको क्षेत्रमा देखिएको यस्तो प्रगति रोकिने होइन, बढने हो । प्राकृतिक ज्ञान र सीपको उपयोग गरी मानव समुदायले विकास गरेको सूचना प्रविधिले मानव समुदायलाई एकातिर सहजीकरण गरेको छ भने अर्कोतिर घेराबन्दीमा पनि पारेको छ । सूचना प्रविधिलाई उपयोग गर्दा मानव गतिविधिलाई सहज गराउँछ भने दुरुपयोग गर्दा कानुनको कठघरामा पुर्‍याउँछ ।

च्याटजीपिटीसहित अहिले आएका एआइका साधनहरुले मेसिन मार्फत काम गर्छन । मेसिन ले मान्छेलेभन्दा छिटो र गल्ती नगरी काम गर्छ । अर्थात् मेसिन मान्छे भन्दा इमान्दार हुन्छ र मान्छेको आदेश मेसिनले पालना गर्छ । मान्छे जसरी मेसिन भावनामा बग्दैन र मान्छे जति छिटो मेसिन थाक्दैन । सूचना प्रविधिका क्षेत्रमा देखिएको यस्तो प्रगति रोकिने होइन, बढ्ने हो । प्राकृतिक ज्ञान र सीपको उपयोग गरी मानव समुदायले बिकास गरेको सूचना प्रविधिले मानव समुदायलाई एकातिर सहजीकरण गरेको छ भने अर्कोतिर घेराबन्दीमा पनि पारेको छ । यसले आफूलाई सूचना प्रविधिका साधनसँग अभ्यस्त बनाउँदै लैजान्छ, त्यो व्यक्ति वा समूह आफ्नो पेसा वा व्यवसायमा दिगोरुपमा टिक्न सक्छ, जसले सूचना प्रविधिलाई उपयोग गर्दैन,त्यो व्यक्ति वा समूह आफ्नो पेसा वा व्यवसायबाट विस्थापित हुँदै जान्छ । त्यसैले सूचना प्रविधिलाई उपयोग गर्दा मानव गतिविधिलाई सहज गराउँछ भने दुरुपयोग गर्दा कानुनको कठघरामा पुर्‍याउँछ भन्न सकिन्छ ।

सूचना प्रविधिको उपयोगबाट मानिस भाग्न सक्ने अवस्था छैन । सूचना प्रविधिले मानिसलाई यति धेरै व्यस्त बनाउँदै लगेको छ कि उसले नयाँ विषय नजानी सुखै छैन । जुनसुकै पेसा व्यवसायमा रहने व्यक्ति वा समुदायका लागि सूचना प्रविधि तरकारीमा राखिने आलु जस्तै भइसकेको छ । जसरी जुनसुकै तरकारीमा आलुलाई उपयोग गरिन्छ त्यसैगरी जुनसुकै निकायले गर्ने काममा सूचना प्रविधिको उपयोग अनिवार्य बन्दै गएको छ ।

एउटा भाषामा दख्खल राख्ने व्यक्ति दोस्रो भाषा नजानेका कारण पछाडि पर्ने अवस्था अब रहदैन । सूचना प्रविधिको विकाससँगै विस्तार भएको एआईले भाषालाई रुपान्तरण गराउन सक्ने भएको छ । गुगलले नेपालीसहित विभिन्न भाषालाई अनुबाद गर्ने प्रणाली बिकास गरेको छ । त्यस्तै प्रणाली विकास गर्ने दिशामा काम गर्ने हो भने देशभित्र बोलिने विभिन्न मातृभाषालाई सूचना प्रविधिका माध्यमबाट संरक्षण गरी तिनीहरुको प्रवर्द्धन गर्न सकिन्छ ।

बागमती प्रदेश सरकारले तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषाका रुपमा विकास गर्ने नीति अगाडि सारेको छ । बागमती प्रदेशमा तामाङ र नेपाल भाषाका समुदायको बाहुल्यता रहेकाले ती समुदायलाई सम्बोधन गर्न सरकारले यस्ता नीति लिएको हो ।

मधेस प्रदेशमा मैथिली, लुम्बिनी प्रदेशमा अवधजस्ता भाषालाई कामकाजको भाषाको रुपमा अगाडि लैजान सकिन्छ । सरकारी कामकाजको भाषाका रुपमा विकास गर्न पनि सूचना प्रविधिलाई उपयोग गर्दा जति सहज हुन्छ अन्य विकल्पमा जाँदा त्यत्तिकै कठिन हुन्छ । लोपोन्मुख भाषालाई संरक्षण गर्न पनि अब सूचना प्रविधिकै सहारा लिनुपर्ने हुन्छ ।

सूचना प्रविधिको उपयोग गरियो भने मात्रै लोपोन्मुख भाषा र संस्कृतिको संरक्षण हुँदै जान्छ, अन्यथा केही गरे पनि ती भाषा र संस्कृति जोगाउन सक्ने अवस्था रहनेछैन । अङ्ग्रेजी वा अन्य अन्तर्राष्ट्रिय भाषा जान्न रुचि राख्ने नयाँ पुस्ताले आफ्नो मातृभाषा बिर्सदै जान थालेका छन् । मातृभाषासँग जोडिएको परम्परागत ज्ञान र सीप पनि लोप हुने खतरा नजिकै आउँदैछ । त्यसैले नेपालमा बोलिने सबै भाषालाई डाटाको रुपमा भण्डारण गर्ने र ती भाषामार्फत अन्य भाषामा रुपान्तरण गर्ने प्रणालीको विकास गर्न आवश्यक छ । त्यसका लागि सूचना प्रविधिमा पनि कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) का साधनलाई उपयोग गर्ने दिशामा अगाडि बढनु पर्दछ । यद्यपि शतप्रतिशत अनुवाद नभए पनि बुझ्ने तहसम्म रुपान्तरण गराउन सक्ने प्रणालीको विकास भइसकेको छ । आगामी दिनमा प्रविधि अझै परिपक्व बन्दै जान सक्छ ।

अल्पसङ्ख्यक, लोपोन्मुख समुदायको भाषा संस्कृतिको संरक्षण गर्न, नेपालको मौलिक कला र संस्कृतिको प्रवर्द्धन गर्न, पर्यटनको विकास गर्न पनि अब कृत्रिम बौद्धिकता र यसले विकसित गरेका साधनलाई उपयोग गर्नुपर्ने हुन्छ । जति छिटो प्रविधिको उपयोग गरिन्छ, त्यति नै छिटो भाषा संस्कृतिको संरक्षणलाई दीगो बनाउन सकिन्छ । कृत्रिम बौद्धिकता, मेसिन लर्निङ सिस्टम, अल्गोरिदमको सहायताले समाचार कक्षबाट रोवोटले समाचार पढन सक्ने भइसकेको छ । मानिसको काम अब सिर्जना गर्ने हो, मानिसको निर्देशन मेसिन ले पालना गर्ने हो । मानिसलाई सिर्जनात्मक बन्न मेसिन ले दबाब दिइरहेको छ ।

सातवटै प्रदेशमा बोलिने भाषाको भाषिक तथ्याङ्का आधारमा प्राथमिकता निर्धारण गरी सूचना प्रविधिको उपयोग गरी संरक्षण गर्ने नीति योजना र कार्यक्रम सङ्घीय सरकारले बनाउन उपयुक्त हुन्छ । प्रदेशहरुले आ आफनो प्रदेशमा बोलिने र अभ्यासमा आउने भाषालाई लिपिबद्ध र संरक्षण गर्न सूचना प्रविधिलाई उपयोग र अभ्यास गर्न सक्छन् । भाषाको संरक्षण र पवर्द्धन गर्न प्रदेश सरकारले सङ्घीय सरकारको मुख ताकिराख्नु पर्दैन । शास्त्रीय भाषाका रुपमा भोट, पालि र संस्कृतलाई पनि सूचना प्रविधिभित्र प्रविष्ट गर्न सकिन्छ । कैलाली र बर्दियामा रहेका राजी जातिको पेशा र भाषिक अन्तरसम्बन्ध रहेको छ । पेशा र भाषिक अन्तर सम्बन्ध अन्य भाषा र संस्कृतिसँग पनि जोडिएको छ । जाति, भाषा, धर्म, संस्कृतिले मानिसको पहिचान निर्धारण गर्छ । आफनो पहिचान स्थापित गर्न पनि संस्कृतिको संरक्षण आवश्यक हुन्छ ।

***सातवटै प्रदेशमा बोलिने भाषाको भाषिक तथ्याङ्का आधारमा प्राथमिकता निर्धारण गरी सूचना प्रविधिको उपयोग गरी संरक्षण गर्ने नीति योजना र कार्यक्रम सङ्घीय सरकारले बनाउन उपयुक्त हुन्छ । प्रदेशहरुले आ आफनो प्रदेशमा बोलिने र अभ्यासमा आउने भाषालाई लिपिबद्ध र संरक्षण गर्न सूचना प्रविधिलाई उपयोग र अभ्यास गर्न सक्छन् । भाषाको संरक्षण र पवर्द्धन गर्न प्रदेश सरकारले सङ्घीय सरकारको मुख ताकिराख्नु पर्दैन । शास्त्रीय भाषाका रुपमा भोट, पालि र संस्कृतलाई पनि सूचना प्रविधिभित्र प्रविष्ट गर्न सकिन्छ । कैलाली र बर्दियामा रहेका राजी जातिको पेशा र भाषिक अन्तरसम्बन्ध रहेको छ । पेशा र भाषिक अन्तर सम्बन्ध अन्य भाषा र संस्कृतिसँग पनि जोडिएको छ । जाति, भाषा, धर्म, संस्कृतिले मानिसको पहिचान निर्धारण गर्छ । आफनो पहिचान स्थापित गर्न पनि संस्कृतिको संरक्षण आवश्यक हुन्छ ।***

संस्कृत भाषाको प्रयोग, विस्तार र सम्भावनाका बारेमा नवलपरासीको त्रिवेणीधाम र शाश्वतधाममा गरिएको स्थलगत अध्ययनको प्रतिवेदन, भोट र पालि भाषाको प्रयोग, विस्तार र सम्भावनाका बारेमा पोखरा महानगरको हेम्जा र रुपन्देहीमा गरिएको अनुसन्धान प्रतिवेदन दराजमा थन्क्याएर होइन, कार्यान्वयनमा लैजान सम्बन्धित प्रदेशलाई जिम्मेवारी दिन उपयुक्त हुन्छ । जुम्लाको सिञ्जामा गरिएको सिन्जाली खस भाषाको सत्यापनसम्बन्धी अध्ययन अनुसन्धान प्रतिवेदन, आदिवासी जनजातिको प्रथाजनित कानुनसम्बन्धी अध्ययन अनुसन्धान प्रतिवेदनको पनि खोजविन गर्नुपर्ने हुन्छ ।

किराती भाषाको ३६ वटा साझा वर्ण समायोजन गरी त्यसको सिरिजङ्गा लिपिलाई सूचना प्रविधिमार्फत संरक्षण गर्न सकिने सम्भावनाका बारेमा बिज्ञहरुसँग छलफल गरी सम्बन्धित प्रदेशले त्यसमा काम गर्न सक्छन् । नेपाल टेलिभिजनबाट तामाङ, गुरुङ र उर्दूसहित नौ वटा भाषामा प्रसारण भइरहेको कार्यक्रमलाई अन्य भाषाका समुदायले बुझ्न सक्ने बनाउन कृत्रिम बौद्धिकताको प्रयोग गर्न सकिन्छ । ती भाषासँग सम्बन्धित भाषाको अनुवाद हुने गरी डाटा भण्डारण गर्न सकिन्छ ।

गुगल एउटा कम्पनीले एक भाषालाई अनेक भाषामा रुपान्तरण गर्न सक्छ भने सङ्घ, प्रदेश र स्थानीय सरकारले संयुक्तरुपमा मेहनत गर्ने हो भने नेपालका सबै संस्कृतिका समुदायका भाषालाई अर्को भाषामा रुपान्तरण गराउन सकिन्छ । त्यसो गर्दा भाषासँग जोडिएको पेसा र परम्परागत प्रविधि अर्को समुदायमा पनि हस्तान्तरण गर्न मद्दत पुग्छ । गुगलले अङ्ग्रेजीलाई नेपालीमा रुपान्तरण गरे जस्तै गरी गोरखापत्र दैनिकमा प्रकाशित हुने विभिन्न ३८ भाषाका समाचार तथा विचारलाई अनलाइन संस्करणमा अर्को भाषाका समुदायले बुझ्ने बनाउन सकिन्छ ।

राष्ट्रियसभामा पेस भएका प्रतिलिपि अधिकार ऐन २०५९ लाई संशोधन गर्न बनेको विधेयक, अभिलेख संरक्षण ऐन २०४६ लाई संशोधन गर्न बनेको विधेयकमा सूचना प्रविधिमार्फत नेपालमा बोलिने भाषालाई संरक्षण र प्रबर्द्धन गर्ने कानूनी व्यवस्था गर्न संघीय संसदका सदस्यको ध्यान पुग्न आवश्यक छ । ती कानून संशोधनमा प्रदेश र स्थानीय सरकारको भूमिकालाई प्रष्ट्याउन सक्दा प्रदेश र स्थानीय तहले पनि आ आफनो मौलिकतामा आधारित कानून निर्माण गरी कार्यान्वयनमा लैजान सक्छन् । राष्ट्रिय संस्कृति संरक्षण तथा प्रबर्द्धन नीतिको मस्यौदामा पनि सूचना प्रविधिको उपयोग गर्ने विषयलाई समेटन आवश्यक हुन्छ । छैठौं संशोधनको प्रक्रियामा रहेको प्राचीन स्मारक संरक्षण ऐन २०१३ मा विभिन्न मन्दिर, गुम्बा, मदरसालगायत ऐतिहासिक पुरातात्विक वस्तुहरुको पुनःनिर्माण, अध्ययन, संरक्षण गर्ने क्रममा सूचना प्रविधिको उपयोग गर्दा ती ठाउँमा पुग्ने बित्तिकै ती पुरातात्विक महत्वका बिषयका बारेमा मेसिनमार्फत नै जानकारी प्राप्त गर्न सक्ने प्रणालीको विकास गर्न सकिने कानूनी व्यवस्था गर्न उपयुक्त हुन्छ ।

नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समितिले नारायणहिटी दरवार क्षेत्रमा पुग्ने आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी नेपाली, अङ्ग्रेजीसहित विभिन्न मातृभाषामा रुपान्तरण हुने गरी जानकारी दिन कृत्रिम बौद्धिकताको प्रयोग गरी प्रणाली विकास गर्न सक्छ । बौद्ध दर्शन प्रबर्द्धन तथा गुम्बा विकास समितिले बौद्ध दर्शन र गुम्बाहरुमा पुग्दा जानकारी दिन सक्ने प्रणाली विकास गर्न सक्छ । पाथिभरा क्षेत्र विकास समिति, बौद्धनाथ क्षेत्र विकास समिति, मनकामना क्षेत्र विकास समिति, बृहत् बराह क्षेत्र विकास समिति, हलेसी महादेवस्थान विकास समिति, तारागाउँ विकास समिति, नेपाल पञ्चाङ्ग निर्णायक समितिले आ-आफनो क्षेत्राधिकारका विषयलाई स्वचालित रुपमा जानकारी दिने प्रणालीको विकास गर्न गराउन सक्छन् ।

भूकम्पबाट क्षति भई पुनःनिर्माण भएका छ सय ७३ वटा पुरातात्विक सम्पदामा पनि ती सम्पदाको महत्वका बारेमा जानकारी दिने स्वचालित प्रणाली विकास गर्न गराउन सक्छन् । गरे के हुँदैन भन्ने तथ्य डिजिटल प्रविधिमार्फत बिउबिजन उत्पादन, बिक्री वितरण, आपूर्ति र व्यवस्थापनको कार्यको शुरुआत नेपालमै भइसकेको छ । दुई हजार चार सय ९५ जना कृषकलाई कृषि प्रविधि एवं जलवायुसम्बन्धी २१ लाख ९३ हजार एसएमएसमार्फत सूचना प्रवाह गरिएको तथ्याङ्क सङ्घीय सरकारको अभिलेखमा छ ।

बागमती प्रदेश सरकारले आफनो नीति तथा कार्यक्रममा सन् २०२४ लाई पर्यटन भ्रमण वर्षका रुपमा घोषणा गरेको छ । सङ्घीय सरकारले सन् २०२२ देखि २०३२ लाई पर्यटन दशक घोषणा गरेको छ । 'नेपाल घुमौँ, नेपाल चिनौँ' अभियान सञ्चालन गर्ने घोषणा सङ्घीय सरकारले गरेको छ । यस्ता कार्यक्रमलाई सूचना प्रविधिको विकास र विस्तारसँगै जोड्न सक्दा मात्रै प्रभावकारी हुन सक्छन् । पर्यटनकीयस्थल चिनाउन, पर्यटकहरुलाई उपयुक्त सूचना दिने प्रणालीको विकास गर्न, पर्यटकीयस्थलको महत्व बुझाउन पनि सूचना प्रविधिको उपयोग आवश्यक हुन्छ । हामीले अरुको भाषा सिक्ने मात्रै होइन, हाम्रो भाषा पनि अरुलाई सिकाउने संयन्त्रको विकास गर्न सकिँदा हाम्रा भाषाको संरक्षण, पर्वर्द्धन र विकास हुन्छ । त्यसका लागि पनि सूचना प्रविधिको उपयोग गर्नैपर्छ । (लेखक बागमती प्रदेशका सञ्चार रजिष्ट्रार हुनुहुन्छ)

# महानगरको निर्णय र सवारीसाधन व्यवस्थापनमा समस्या

**भीमज्वाला राई**

काठमाण्डु भित्रिने र बाहिरिने लामो, मध्यम र छोटो दूरीका सम्पूर्ण सवारीसाधनहरू गोँगबुस्थित नयाँ बसपार्कभित्र लैजानुपर्ने, यात्रु चढ्न र ओर्लन बसपार्क नै पुग्नुपर्ने, टिकट बुकिङ काउन्टर बसपार्कभित्रै लैजानुपर्ने बसपार्कबाहेक अन्यन्त्र टिकट काट्न नपाइने विषयमा काठमाडौं महानगरपालिकाले निर्णय गरेको छ । २०८० साल वैशाख २९ गते काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहको उपस्थितिमा र जेठ १४ गते महानगरका ट्राफिकविज्ञ जगतमान श्रेष्ठको उपस्थितिमा भएका निर्णयअनुसार असार १ गतेदेखि अनिवार्य कार्यान्वयन गर्ने भन्दै जेठ १९ गते महानगरले सूचना प्रकाशित गरेको छ ।

महानगरपालिकाको यस निर्णयले यात्रुलाई असुविधा हुने, काठमाडौंमा ट्राफिक समस्या बढ्ने, यातायात व्यवसायीलाई सास्ती हुने र श्रमिकहरूको रोजीरोटी खोसिने जनाउँदै निर्णय र सूचना सच्याउन सरोकारवालाहरूले महानगरसँग अनुरोध पनि गरेका छन् । सार्वजनिक सवारीसाधनबाट दैनिक काठमाडौं छाड्ने यात्रुहरूको सङ्ख्या करिब ७५ हजार हुन आउँछ र भित्रिनेको सङ्ख्या पनि सोही अनुपातमा हुने अनुमान गर्न सकिन्छ । निर्णयअनुसार ती यात्रु उपत्यका जुनसुकै स्थानको भए पनि टिकट काट्न बसपार्क पुग्नुपर्ने हुन्छ । सवारीसाधन चढ्न बसपार्क पुग्नुपर्ने हुन्छ । ओर्लिन बसपार्क नै पुग्नुपर्ने हुन्छ । यसले हजारौं सर्वसाधारण जनतालाई समस्यामा पार्नेछ । सार्वजनिक सवारीसाधन गरिब जनताका साधन हुन् । यो निर्णयले यात्रुलाई हैरानी हुनेछ भने समयको बर्बादी र आर्थिक भार पनि बढाउने छ ।

**बसपार्कको क्षमता र सवारीसाधन**

सैद्धान्तिक रूपमा बसपार्कमा सवारीसाधनहरू जानुपर्छ, यात्रुहरू बसपार्कबाटै यात्रा गर्नुपर्छ भन्ने विषयलाई नराम्रो भन्न मिल्दैन । तर नयाँ बसपार्कको पार्किङ क्षमता सात सय सवारीसाधन मात्रै हो । महानगरको निर्णयअनुसार लामो, मध्यम र छोटो दूरीमा चल्ने सबै सवारीसाधनहरू बसपार्क भित्र्याउने हो भने पार्किङ गर्ने विषय परको कुरो, चढाउने र ओराल्ने मात्रै गर्न पनि नयाँ बसपार्कले धान्न सक्दैन ।

सामान्यतया विपी राजमार्ग भएर पूर्व चल्ने सवारीसाधनहरू करिब दुई हजार, पूर्वअरनिको यातायात प्रालिका करिब छ सय, पूर्व चल्ने रात्रि तथा दिवा सेवा करिब दुई सय बल्खुबाट तराई चल्ने सुमो करिब आठ सय, पनौती-धुलिखेलका करिब चार सय, पृथ्वी राजमार्ग चल्ने करिब चार सय, पश्चिम चल्ने करिब सात सय, पासाङ ल्हामु राजमार्गमा चल्ने करिब दुई सय गर्दा करिब करिब पाँच हजार सवारीसाधनहरू हुन आउँछ । बसपार्कको विस्तार र व्यवस्थापन नगरी यही अवस्थामा सबै सवारीसाधनहरू बसपार्क जानैपर्छ भन्नु व्यावहारिक हुँदैन ।

**ट्राफिक समस्या र कोलाहलमय बसपार्क**

कोटेश्वर, गौशाला, चावहिल, सुकेधारा, सातदोबाटोले धानिरहेको विपी राजमार्गबाट पूर्व जाने सवारीसाधनहरू, पूर्व अरनिको यातायात प्रालिका बस, पूर्व चल्ने रात्रि तथा दिवा सेवाका बस, बल्खुबाट तराई चल्ने सुमो, पनौती, धुलिखेलका बसहरू करिब १० देखि १४ किलोमिटर चक्रपथ घुमेर बसपार्क जानुपर्दा यसको असर उपत्यकाका सडकमा प्रत्यक्ष पर्ने निश्चित छ ।

महानगरको यो निर्णय गर्दा उपत्यकाको ट्राफिक व्यवस्थापनका लागि भनिएको छ । तर उल्टै यसले अस्तव्यस्त पार्नेछ । अहिले पनि सहरको कुनै क्षेत्रमा यातायात सञ्चालनमा कुनै समस्या आए दिनभर पूरै उपत्यका असर पर्ने गर्दछ । त्यसलै चक्रपथ मात्रै होइन, काठमाडौं उपत्यकाका सबै सडक ट्राफिक समस्याले तहसनहस बन्ने देखिन्छ । हजारौं यात्रु गन्तव्यका लागि सवारीसाधनको खोजीमा भौँतारिनुपर्ने हुन्छ भने ती सवारीसाधनका श्रमिक तथा सवारीसाधनहरू पनि असुरक्षित हुने अवस्था आउने निश्चित छ ।

**टिकट काउन्टर व्यवस्थित गर्नुपर्छ, हटाउने होइन**

बसपार्कबाहेक अन्यन्त्र टिकट काट्न नपाइने, कोटेश्वर, कलङ्की, गौशाला, चावहिल, बल्खु, जोरपाटी लगायतका स्थानका बुकिङ काउन्टर बसपार्कभित्रै लैजानुपर्ने निर्णय अव्यावहारिक छ । यो निर्णयले हवाईजहाज चढ्न विमानस्थलमै गएर टिकट काट्नुपर्छ बाहिरको ट्राभलमा काट्न पाइँदैन भने जस्तै हुन्छ । यसको असर सबैभन्दा धेरै सर्वसाधारण यात्रुलाई पर्छ । विभिन्न प्रालिद्वारा चक्रपथ आसपास रहेका तीन सय टिकट काउन्टर र त्यहाँ काम गर्ने करिब एक हजार पाँच सय श्रमिकको रोजीरोटी खोसिन्छ । हटाउने होइन काउन्टर सञ्चालनलाई व्यवस्थित गर्नुपर्छ ।

कानुनअनुसार दर्ता भएका यातायात कम्पनीहरूले मात्रै काउन्टर सञ्चालन गर्ने, एक कम्पनी एक काउन्टर, एक काउन्टर एक टिकट नीति बनाउने, काउन्टरमा एउटै साइजको बोर्ड राख्ने, श्रमिकको पहिचान खुल्ने परिचयपत्र तथा पोसाक लगाएर मात्रै काउन्टरमा काम गराउन आवश्यक छ । त्यस्तै, यात्रुहरूले ठगिनु नपरोस् भनेर काउन्टरमा गन्तव्य स्थानको मात्रै नाम लेख्ने, यात्रुहरूले देख्ने गरी भाडा दररेटको सूची राख्ने, बस छुट्ने समय यात्रु आइपुग्नुपर्ने समय बोर्डमा लेख्ने, यात्रुलाई मेसेज गर्ने, अशक्त, असहाय, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, बालबालिका र महिलामैत्री हुने गरी सञ्चालन गर्न सकिन्छ । यात्रुहरूको गुनासा तथा सुझावका लागि काउन्टरमा सुझाव पेटिका राख्ने, प्रशासनिक सहायताका लागि प्रहरीको टोल फ्री नं काउन्टरमा राख्ने र जनसरोकारका विषयमा प्रशासन तथा सरोकारवालाहरूसहित सबैको सहभागितामा समस्याहरूको समाधान गर्ने गरी काउन्टरहरूलाई व्यवस्थित गर्न सकिन्छ ।

**वैकल्पिक बसपार्क निर्माणको तयारी**

नयाँ बसपार्क अपायक स्थानमा छ । यो बसपार्क कुनै पनि दृष्टिकोणबाट उपयुक्त स्थानमा छैन । काठमाडौं भित्रिने र बाहिरिने मुख्य नाका कोटेश्वर, कलङ्की, बल्खु हो । बसपार्कहरू सहर प्रवेश नाका आसपास हुनुपर्दछ । सहर भित्रिने र बाहिरिने सवारीसाधनहरू सकेसम्म सहर पार गर्नु नपरोस् । तर, नयाँ बसपार्क मुख्य नाकाको ठीक विपरीत दिशामा अवस्थित छ ।

कलङ्की नाकाबाट बसपार्क करिब आठ किलोमिटर दूरी, बल्खु नाकाबाट करिब १० किलोमिटर दूरी र कोटेश्वर नाकाबाट करिब १४ किलोमिटर दूरीमा रहेको छ । महानगरपालिकाले नयाँ बसपार्कको विकल्प तयार गर्दै जानु पर्दछ । पश्चिमबाट काठमाडौं प्रवेश गर्ने सवारीसाधनका लागि नागढुङ्गा नाका आसपासमा बसपार्क व्यवस्था गर्नुपर्दछ, पूर्वबाट काठमाडौं प्रवेश गर्ने सवारीसाधनहरूका लागि कोटेश्वरदेखि सल्लाघारी आसपासमा बसपार्क व्यवस्था गर्नुपर्छ । त्यस्तै, दक्षिणकाली नाकाबाट काठमाडौं प्रवेश गर्ने सवारीसाधनका लागि बल्खुदेखि चौभार आसपासमा बसपार्कको व्यवस्था गर्नु पर्दछ । साँखु, नाङ्लेभारे नाका लागि जोरपाटी आसपास बसपार्क बनाइनु पर्दछ । हाल रहेको नयाँ बसपार्कलाई नुवाकोट, रसुवा नाका तथा सिटी बसपार्कको रूपमा व्यवस्थित गर्न सकिन्छ ।

निर्णय आम सर्वसाधारण, श्रमिक र व्यवसायीहरूको अहितमा छ, स्वयम् महानगर र बसपार्क सञ्चालन गरिरहेको कम्पनीको पनि अहितमा छ भन्ने महानगरपालिकालाई पनि अवगत हुनुपर्छ । यस निर्णयले कुनै कम्पनीलाई पार्किङ शुल्क र काउन्टर भाडाको आयसँग जोडिएको अनुमान बजारमा धेरैले गरेकाले एउटा कम्पनीको स्वार्थसँग महानगरले यति गम्भीर निर्णय गर्न सक्दैन भन्ने भनाइ पनि रहेको छ । बसपार्कको क्षमता वृद्धि र थप संरचना निर्माण नगरी अहिलेकै अवस्थामा यति धेरै सवारीसाधनको व्यवस्थापन गर्न चुनौतीपूर्ण हुनेछ ।

**अन्त्यमा**

यी विषयहरू सार्वजनिक सरोकारका विषय हुन् । महानगरपालिका यो महत्वपूर्ण विषयमा गम्भीर र जिम्मेवार हुनु पर्दछ । वैकल्पिक बसपार्क सञ्चालन, टिकट काउन्टर व्यवस्थापन र यात्रुमैत्री बनाउने विषयमा महानगरले मापदण्ड बनाउन जरुरी छ । महानगरले बनाएका मापदण्डहरूलाई व्यवसायी र श्रमिकले इमान्दारीपूर्वक पालना गर्नुपर्छ । तर यात्रु र सवारीसाधन सबैलाई प्रभाव पार्ने निर्णय गर्दा त्यसको असरहरूबारे अध्ययन र सरोकारवालाहरूसँग पर्याप्त छलफल नगरी गरिएको निर्णय कार्यान्वयन गर्न कठिन हुन्छ ।

यसले अनावश्यक विवाद ल्याउँछ । सरकारले नागरिकको आवाज सुन्नुपर्छ । सरोकारवालाहरूलाई साथसाथै लिएर समृद्ध र सुन्दर शहर बनाउन लाग्नुपर्छ । (लेखक राई नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका अध्यक्ष हुनुहुन्छ)

# रास्वपाका सभापति लामिछाने र इजरायली राजदूत गोडरबीच भेटवार्ता

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र नेपालका लागि इजरायली राजदूत हनान गोडरबीच भेटवार्ता भएको छ ।

मंगलबार बसुन्धरास्थित पार्टीको केन्द्रीय कार्यालयमा उहाँहरूबीच सङ्क्षिप्त भेटवार्तामा विश्वमै उत्कृष्ट मानिने इजरायली प्रविधि, ज्ञान र सीप प्रयोग गरेर नेपालका कृषियोग्य जमिन विशेष गरेर चितवनको इच्छाकामना गाउँपालिकामा कसरी प्रयोग गर्न सकिन्छ भन्ने सन्दर्भमा छलफल भएको केन्द्रीय सदस्य प्रतिभा रावलले जानकारी दिनुभयो ।

उहाँका अनुसार भेटवार्तामा अन्य समसामयिक विषयमा पनि कुराकानी भएको थियो । त्यसअबसरमा सह-महामन्त्री कविन्द्र बुर्लाकोटी तथा अन्य केन्द्रीय सदस्यहरू पनि सहभागी हुनुहुन्थ्यो । रासस



परराष्ट्रमन्त्री नारायण प्रकाश साउद मङ्गलबार नक्सालस्थित नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा राष्ट्रिय ललितकाला प्रदर्शनीको अवलोकन गर्नुहुँदै ।
*तस्बिर : रासस*

# राष्ट्रियसभा अध्यक्ष र चीनका जनकंग्रेस अध्यक्षबीच भेटवार्ता

काठमाण्डु । चीनको औपचारिक भ्रमणमा रहनुभएका राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना र त्यहाँको राष्ट्रिय जनकङ्ग्रेसको स्थायी समितिका अध्यक्ष चाओ लिजीबीच ग्रेट हल अफ पिपुल्स, बेइजिङमा सोमबार भेटवार्ता भएको छ ।

भेटमा अध्यक्ष तिमिल्सिनाले संस्कृति र परम्पराले बलियोरूपमा जोडेको नेपाल र चीनबीच सदियौँदेखिको सौहार्दपूर्ण एवं अति घनिष्ठ सम्बन्ध रहिआएको चर्चा गर्दै आगामी दिनमा नेपाल र चीनबीचको सम्बन्ध थप प्रगाढ बन्दै जानेमा आफू विश्वस्त रहेको बताउनुभयो ।

अध्यक्ष तिमिल्सिनाले घनिष्ट मित्र एवं विकासको साझेदार र असल छिमेकीका रूपमा नेपालले चीनसँगको सम्बन्धलाई सधैँ उच्च महत्व र प्राथमिकता दिँदै आएको बताउँदै नेपाल सधैँ एक चीन नीतिको पक्षमा रहेको बताउनुभयो । पछिल्ला दिनमा नेपाल र चीनको विधायिकी सम्बन्ध विस्तार हुँदै गएको उल्लेख गर्दै अध्यक्ष तिमिल्सिनाले चीन नेपालका पर्यटक स्रोत मुलुकमध्ये दोस्रो मुलुकमा पर्ने भएकाले नेपालको विकासका लागि पर्यटनको भूमिकालाई मध्यनजर गर्दै नेपाललाई चीनले हालै आउट ब्याण्ड टुरिष्ट ग्रुपमा राखेकामा खुसी व्यक्त गर्नुभयो ।

चीनको ऋण सहयोगमा बनेको पोखरा अन्तर ाष्ट्रिय विमानस्थलको उद्घाटनले नेपालको पर्यटन बजारमा महत्वपूर्ण योगदान पुर्‍याउनेमा विश्वस्त रहेको जनाउँदै अध्यक्ष तिमिल्सिनाले चीनका विभिन्न सहरबाट सोझो हवाई उडान हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

नेपाल-चीनबीच केरुङ/रसुवागढी, हिल्सा/पुराङ र तातोपानी/झाङ्मु नाकामार्फत दुईतर्फी व्यापार सञ्चालन भएको उल्लेख गर्दै उहाँले आगामी दिनमा मुस्ताङको कोरल्ला लगायतका नाका सञ्चालन हुने विश्वास पनि व्यक्त गर्नुभयो । नेपालबाट तरकारी, मासुजन्य उत्पादन, चिया र जडीबुटी जस्ता उत्पादनलाई चीनको भन्सारको सामान्य प्रशासनमा सूचीकृत गर्न सहयोगका लागि अनुरोध पनि गर्नुभयो ।

भेटमा चीनको राष्ट्रिय जनकंग्रेस स्थायी समितिका अध्यक्ष लिजीले भ्रमणका चीनको छेन्दुबाट पोखरा हवाई उडानका लागि चीन तयारी अवस्थामा रहेको जानकारी दिनुभएको थियो । पोखरा विमानस्थलको अवस्था र नेपाल सरकारले आवश्यक सबै तयारी सकेको अवस्थामा आगामी जुन २१ देखि छेन्दु-पोखरा सिधा उडान गर्न चीन तयारी अवस्थामा रहेको उहाँले जानकारी गराउनुभयो ।

अध्यक्ष तिमिल्सिना नौ सदस्यीय नेपाली संसदीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै चीन भ्रमणमा रहनुभएको छ । तिब्बत्मा जुन १६ र १७ मा आयोजना हुने एक्स्पोलाई अध्यक्ष तिमिल्सिनाले प्रमुख अतिथिका रूपमा सम्बोधन गर्ने कार्यक्रम छ । भ्रमणमा प्रतिनिधिसभाका सदस्य जीवन परियार, धवल शमशेर जबरा र प्रदीप यादव तथा राष्ट्रियसभाका सदस्य उदयबहादुर बोहरा, दिपा गुरुङ र हरिराम चौधरीलगायत सहभागी हुनुहुन्छ । रासस

# कांग्रेसले आगामी चुनावमा कसैसँग तालमेल गर्दैन : महामन्त्री थापा

मकवानपुर । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले आगामी चुनावमा कांग्रसले कुनै पनि पार्टीसँग तालमेल नगर्ने बताउनुभएको छ ।

कांग्रेस मकवानपुर प्रतिनिधिसभा क्षेत्र नं २ र प्रदेशसभा-२ को संयुक्त आयोजनामा सोमबार हेटौँडामा भएको क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्नुहुँदै महामन्त्री थापाले कांग्रेस विचारप्रधान पार्टी भएकाले बरु सरकार छाड्नुपरे छाड्ने तर, कांग्रेसले कसैसँग सम्झौता नगर्ने स्पष्ट पार्नुभयो ।

साथै उहाँले त्यसलाई स्थापित गरिनुपर्नेमा जोड दिनुभयो । चुनावअघि नै गठबन्धन गर्दा पार्टीप्रतिको विश्वास डगमगाउने अवस्थालाई मध्यनजर गर्नुहुँदै जनताको निराशालाई चिर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले आम नागरिकमा राजनीतिप्रति वितृष्णा जागेको, आत्मविश्वास र आशा गुमाइरहेको भन्दै आफ्नो पार्टीले जनताको भावनामा आँच नआउने गरी काम गर्ने दृढता व्यक्त गर्नुभयो । नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले कांग्रेस एकजुट भएर जनताको हितमा लाग्नुको विकल्प नभएको बताउनुभयो । उहाँले नागरिकमा छाएको निराशा चिर्न काम गरेर देखाउनुपर्नेमा जोड दिनुभयो ।

नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, पूर्वसभापति माइकल रामचन्द्र अर्याल, रघुरमण न्यौपाने, पार्टी जिल्ला उपसभापति आनन्द कठायत, सचिव ईश्वर पाठक, सहसचिव इन्दिरा न्यौपाने प्रतिनिधिसभा क्षेत्र नं १ का सभापति दामोदर खनाल, मकवानपुर क्षेत्र नं २ का सभापति लोक मुक्तान, चितवन क्षेत्र नं १ का सभापति किरण वली, महासमिति सदस्य राजकुमार मल्ल, राजेश भेटवाल, मकवानपुर प्रदेशसभा १ का सभापति सुशान्त श्रेष्ठ, मकवानपुर प्रदेशसभा २ का सभापति रञ्जन कालाखेती, थाहा नगरसभापति प्रमोद जोशी, मनहरि-८ का सभापति भीमसेन लामालगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो । रासस

# अन्तरक्षेत्रीय व्यापार विस्तार गर्न 'कनेक्टिभिटी' आवश्यक : अध्यक्ष ढकाल

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले बहुपक्षीय प्राविधिक एवं आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) राष्ट्रहरूमा अन्तरक्षेत्रीय व्यापार र लगानी प्रवर्द्धधन गर्न प्रभावकारी पूर्वाधार निर्माण गर्न आवश्यक रहेको बताउनुभएको छ ।

मङ्गलबार भारतको कलकत्तामा 'बिमस्टेक बिजनेस कन्क्लेभ' अन्तर्राष्ट्रिय व्यापार मञ्चको विशेष सत्रलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले क्षेत्रीय व्यापार र लगानी प्रवर्द्धन गर्न राम्रा र प्रभावकारी सडक, जलमार्ग, रेलमार्गजस्ता पूर्वाधार निर्माणको आवश्यकता रहेको बताउनुभएको महासङ्घद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

यसका साथै, हवाई तथा डिजिटल कनेक्टिभिटी बढाउन, पूर्वाधार सञ्जाल सुधार गर्न र नयाँ पूर्वाधारहरू निर्माण गर्न बिमस्टेक सदस्य देशहरूले संयुक्त रूपमा लगानी गर्न आवश्यक रहेको पनि उहाँले बताउनुभयो । सहज ढुवानीका लागि सडक तथा बन्दरगाहजस्ता भौतिक पूर्वाधारको बृद्धि गर्न आवश्यक रहेको बताउँदै उहाँले क्षेत्रीय मूल्य शृङ्खलाको विकासमा सहयोगका लागि पूर्वाधारको विकास र स्तरोन्नतिका लागि संयुक्त प्रयास गर्न सकिने बताउनुभयो । अध्यक्ष ढकालले भन्नुभयो, "ऊर्जासँग सम्बन्धित पूर्वाधारको विकास र ऊर्जा व्यापारसहित क्रसबोर्डर ऊर्जा सहयोग प्रवर्द्धनले क्षेत्रीय मूल्य शृङ्खलाहरूमा बढिमात्रामा ऊर्जा आवश्यक पर्ने उद्योगहरूको विकासलाई सहयोग पुग्न सक्छ । उदाहरणका लागि, नेपाल-बङ्गलादेश र भारतले नेपालको जलविद्युत् बङ्गलादेशसम्म निर्यात गर्न जलविद्युत् प्रसारण लाइनमा काम गरिरहेका छन् ।"

उहाँले नेपालमा उत्पादित बिजुली भारत हुँदै बङ्गलादेशसम्म पुग्ने र यसलाई बिमस्टेकका अन्य सदस्य राष्ट्र र त्यसभन्दा बाहिर पनि विस्तार गर्न सकिने धारणा राखनुभयो । कनेक्टिभिटी पूर्वाधारका अतिरिक्त, बिमस्टेक देशहरूले क्षेत्रीय व्यापार र लगानीलाई सहज बनाउन व्यापारमा लाग्ने विभिन्न गैर-भन्सार अवरोधहरू हटाउन र घटाउनु आवश्यक रहेकोमा अध्यक्ष ढकालको जोड दिनुभयो ।

बिमस्टेक राष्ट्रहरूले क्षेत्रीय मूल्य शृङ्खलाहरूको लागि अनुकूल वातावरण सिर्जना गर्न आफ्नो व्यापार र लगानी नीतिहरू सहज र सरल बनाइ भन्सार प्रक्रिया, आवश्यक नीति नियम सरल बनाउँदै लगानी सहजीकरणका उपायहरू प्रवर्द्धन गर्न सकिने उहाँले बताउनुभयो ।

"यस क्षेत्रको स्वतन्त्र व्यापार व्यवस्थाले सदस्य राष्ट्रहरूबीचको द्विपक्षीय र बहुपक्षीय व्यापार बढाउन सहज बनाउन सक्छ । नेपालले आफ्नो निर्यातमा लाग्ने कर हटाउने वा घटाएकोमा फाइदा लिन सक्छ, जसले गर्दा व्यापारको मात्रा बढ्छ र निर्यातमा विविधीकरण हुन्छ", अध्यक्ष ढकालले भन्नुभयो । उहाँले क्षेत्रीय कनेक्टिभिटी र व्यापार सम्झौताले प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) आकर्षित गर्न पनि मद्दत गर्ने बताउनुभएको सो विज्ञप्तिमा उल्लेख छ ।रासस

# गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा व्यावसायिक उडानको निरन्तरता चुनौतीपूर्ण : मन्त्री किराती




लुम्बिनी । गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थल सञ्चालनमा आएको १३ महिनापछि नेपाल वायुसेवा निगमले व्यावसायिक उडान सुरु गरेको छ ।

मंगलबार बिहान ९:४५ बजे निगमको एक सय ५८ सिट क्षमताको न्यारोबडी जहाज मलेसियाको राजधानी क्वालालम्पुरबाट भैरहवास्थित गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थलमा अवतरण भएको हो ।

मलेसियाबाट ९० यात्रु बोकेर आएको राष्ट्रिय ध्वजावाहक जहाज भैरहवास्थित विमानस्थलमा ३१ जना यात्रु ओरालेर काठमाडौँका लागि उडान भरेको नेपाल वायु सेवा निगमका सहप्रवक्ता गणेशकुमार घिमिरेले जानकारी दिनुभयो । मलेसियामा रोजगारी गरी फर्केका र मलेसियाका पर्यटन व्यवसायीहरू भैरहवा विमानस्थलमा ओर्लिएको सहप्रवक्ता घिमिरेको भनाइ छ ।

भैरहवास्थित यस विमानस्थलमा नेपाल वायुसेवा निगमको पहिलो व्यावसायिक अन्तर्राष्ट्रिय उडान भएकाले यात्रुहरूलाई संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती र राज्यमन्त्री सुशीला शिर्पालीले विमानस्थलमा स्वागत गर्नुभयो ।

राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइनसको गौतमबुद्ध विमानस्थलमा व्यावसायिक उडानको शुभारम्भ गर्नुहुँदै पर्यटन मन्त्री सुदन किरातीले यसको निरन्तरता चुनौतीपूर्ण भएको बताउनुभयो । उहाँले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को विशेष निर्देशनमा व्यावसायिक उडान सुरु भएकाले यसको नियमितताका लागि सरकारी तथा निजी क्षेत्र सबै लाग्नुपर्ने बताउनुभयो ।

उहाँले नेपाल एयरलाइन्सलाई आगामी दिनमा स्थायित्व, प्रभावकारी सञ्चालन र बजारीकरणका लागि प्रचारप्रसारमा जोड दिन निर्देशन दिनुभयो । "बुद्ध सर्किटकै बजारीकणका लागि यो विमानस्थल निर्माण भएको हो । भैरहवाबाट पनि जहाज उडान सकिन्छ भन्ने विश्वास दिलाउनु पर्छ", उहाँले भन्नुभयो, "यस विमानस्थलबाट दिल्लीलगायत अन्य गन्तव्यमा पनि उडान गर्ने प्रयास जारी छ ।"

मन्त्री किरातीले निगमलाई पूर्ण व्यावसायिकरूपमा सञ्चालन गर्न र दुर्गमका जनतालाई समेत सेवा प्रदान गर्न नयाँ जहाज किन्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । उहाँले सरकारले निगमका लागि पारदर्शी ढङ्गले जहाज किन्ने प्रक्रियामा रहेको बताउनुभयो । उहाँले दुर्गम क्षेत्रमा सेवा दिनका लागि घाटा भए पनि जहाज किन्नुपर्नेमा जोड दिनुभयो ।

मन्त्री किरातीले प्रधानमन्त्री दाहालको हालैसम्पन्न भारत भ्रमण इतिहासमा कोशेढुङ्गा साबित भएको बताउँदै यस्तो ऐतिहासिक सफलतालाई ओझेलमा पार्ने प्रयास भएको बताउनुभयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला सिर्पालीले लुम्बिनी प्रदेशको पहिचान, धरोहर, बुद्धलाई अन्तर्राष्ट्रियकरण गर्ने उद्देश्यले विमानस्थल निर्माण भएकाले यसको नियमित व्यावसायिक सञ्चालनमा सरकारको जोड रहेको बताउनुभयो ।

उहाँले विमानस्थत नियमित सञ्चालन नहुँदा धेरै तर्फबाट प्रश्न उठेको बताउँदै सञ्चालन निरन्तरता हुन नसक्नुमा राजनीतिक अस्थिरतापनि मुख्य रहेको बताउनुभयो । कार्यक्रममा पूर्वमन्त्री तथा रुपन्देही क्षेत्र नं ३ का सङ्घीय सांसद दीपक बोहोराले राष्ट्रिय ध्वजावाहक जहाजले व्यावसायिक उडान सुरु गर्दा गौतमबुद्ध विमानस्थलको प्रभावकारी सञ्चालन हुनेमा आशा पलाएको बताउनुभयो । उहाँले त्रिभुवन विमानस्थलबाट हुने हरेक अन्तर्राष्ट्रिय उडान गर्ने कम्पनीलाई एक-एक उडान भैरहवाबाट गर्नुपर्ने नीति बनाउन सरकारलाई सुझाव दिनुभयो ।

मन्त्रालयका सचिव सुरेश अधिकारीले मलेसिया उडानको सुरुआत हुनु महत्वपूर्ण उपलब्धि रहेको बताउनुभयो ।

उहाँले महेन्द्रनगर नाकाबाट अवतरण गर्ने प्रक्रियाका लागि सरकारका तर्फबाट प्रयास भइरहेको बताउँदै अन्य विमान सेवा कम्पनीलाई यस विमानस्थलबाट उपलब्ध हुने सेवा र रूटसँग सम्बन्धित विषयमा आश्वस्त पार्नुपर्ने बताउनुभयो ।

सचिव अधिकारीले भैरहवा क्षेत्रका पर्यटन व्यवसायीको मागबमोजिम आगामी आर्थिक वर्षदेखि भैरहवामा पर्यटन बोर्डको शाखा स्थापना गरी सेवा सञ्चालन हुने जानकारी दिनुभयो । निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले निगममा जहाज थपिएपछि व्यावसायिकरूपले नियमित उडान गर्न सकिने बताउनुभयो । उहाँले लुम्बिनीबाट बुद्ध धर्मालम्बी भएका मुलुकलाई जोडन भैरहवाको उडानलाई नियमित गर्नु आवश्यकता रहेको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका लुम्बिनी प्रदेश संयोजक कृष्णप्रसाद शर्माले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालन हुन नसक्दा निजी क्षेत्र विस्थापित हुने अवस्थामा पुगेको गुनासो गर्नुभयो । विमानस्थल निर्माण गर्दा सरकारले रु ४० अर्ब र विमानस्थललाई हेरेर निजी क्षेत्रले रु ८० अर्बभन्दा बढी लगानी गरेको उहाँको भनाइ छ ।

विसं २०७९ जेठमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले विमानस्थल उद्घाटन गर्नुभएको थियो । तत्कालीन समयमा निगमका न्यारोबडी र वाइडबडी विमानले परीक्षण उडान गरे पनि व्यावसायिक उडान भने कुबेतको अल जजिरा एयरलायन्सले गरेको छ ।

जजिरापछि हिमालय एयरलायन्सले कात्तिकमा मलेसियाको चार्टर उडान गरे पनि हाल यी दुवै कम्पनीका जहाजले नियमित तथा चार्टर उडानलाई निरन्तरता दिन सकेका छैनन् । रासस

# गठबन्धनका नेताबीच परामर्श

काठमाण्डु । सत्ता गठबन्धन दलका नेताहरूले आज मसामयिक विषयमा छलफल गर्नुभएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा गठबन्धनको बैठक बस्ने, बजेटका सम्बन्धमा गठबन्धन दलका धारणालगायत विषयमा कुराकानी भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

छलफलमा प्रधानमन्त्री दाहालले बजेट सदनमा प्रस्तुत भइसकेको अवस्थामा केही विषय आवश्यकतअनुसार मिलाइएर जान सकिने बताउनुभएको थियो । बजेटमा प्रस्तुत विषयलाई लिएर सत्ता साझेदार नेकपा (एकीकृत समाजवाद) र जनता समाजवादी पार्टी नेपालले केही बुँदामा विमति प्रकट गरेका छन् । सोही विषयमा पनि शीर्षनेताहरूबीच छलफल भएको थियो ।

छलफलमा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवम् प्रधानमन्त्री दाहाल, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललगायत गठबन्धन आबद्ध दलका नेताहरू सहभागी हुनुहुन्थ्यो । रासस

# उपलब्धि रक्षाका लागि जनता जागरुक हुनुपर्ने समय आएको छ : महामन्त्री सिंह

घोराही । नेपाल कम्युनिष्ट पार्टी मसालका महामन्त्री मोहनविक्रम सिंहले लामो त्याग, तपस्या र बलिदानबाट प्राप्त भएको उपलब्धि गुम्ने खतरा बढेको बताउनुभएको छ ।

राष्ट्रिय जनमोर्चा दाङले मंगलबार घोराहीमा आयोजना गरेको पत्रकार सम्मेलनमा महामन्त्री सिंहले जनताको साथ समर्थन र सहयोगमा प्राप्त अहिलेको लोकतान्त्रिक व्यवस्थामाथि बाह्य हस्तक्षेप रूपमा बढ्दै गएको भन्दै आम नेपाली जनता जागरुक हुनुपर्ने बेला आएको टिप्पणी गर्नुभयो ।

उहाँले प्रमुख दलहरूको कार्यशैलीका कारण जनताले फरक दललाई दिएको मतका आधारमा सिङ्गो व्यवस्था नै खराब हो भन्ने खालको प्रचारबाजी भएको टिप्पणी गर्नुभयो । उहाँले एक सय वर्षभन्दा लामो सङ्घर्षपछि आएको व्यवस्था नै उल्ट्याउने खालको षडयन्त्र सुरु भएकोमा आशङ्का व्यक्त गर्नुभयो ।

उहाँले आफूहरूले वर्तमान सरकारलाई समर्थन गरेपनि मुलुकको अहित हुने काममा समर्थन नगर्ने स्पष्ट पार्नुभयो । देश बचाउन र जनताको सर्वोपरी हितका पक्षमा सबै दलहरू एक ठाउँमा नउभिने हो भने अदृश्य चलखेलमा संसद्मा प्रवेश गरेका दलबाट थप खतरा हुनसक्ने उहाँको भनाइ छ । रासस

# राष्ट्रपति पौडेलको स्वास्थ्य परीक्षण

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलको बाँसबारीस्थित शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रमा सामान्य स्वास्थ्य परीक्षण गरिएको छ । उहाँलाई स्वास्थ्य परीक्षणका लागि अस्पताल लगिएको राष्ट्रपतिका निजी चिकित्सक डा निरज बमले राससलाई जानकारी दिनुभयो ।

"राष्ट्रपति पौडेललाई हाल सामान्य अब्जर्भेसनमा राखिएको छ" निजी चिकित्सक डा बमले भन्नुभयो । यसअघि राष्ट्रपति पौडेलको गत वैशाख ६ गते भारतको नयाँ दिल्लीस्थित एम्स अस्पतालमा उपचार गरिएको थियो । उहाँ उपचारपछि वैशाख १७ गते स्वदेश फर्कनुभएको थियो । रासस

# नेपालको शान्ति प्रक्रिया र लोकतान्त्रिक अभ्यास उदाहरणीय छ : उपमहासचिव खरे

काठमाण्डु । संयुक्त राष्ट्रसङ्घ, मुख्यालय कार्य सञ्चालन सहयोग विभागका उपमहासचिव अतुल खरेले नेपालको शान्ति प्रक्रिया र लोकतान्त्रिक प्रणालीको अभ्यास विश्वका लागि उदाहरणीय रहेको बताउनुभएको छ ।

मंगलबार यहाँ आयोजित पत्रकार सम्मेलनमा उहाँले निर्वाचनमा भएको सहभागिता, अभ्यास र प्राप्त नतिजाले त्यसलाई पुष्टि गरिरहेको बताउनुभयो ।

संयुक्त राष्ट्रसङ्घ, सूचना तथा सञ्चार प्रविधि कार्यालय मातहतको कार्य सञ्चालन विभागद्वारा शान्ति स्थापना कार्यमा प्रविधिका लागि सहकार्यसम्बन्धी चारदिने अन्तर्राष्ट्रिय संगोष्ठीमा भाग लिने क्रममा उपमहासचिव खरे यहाँ आउनुभएको छ ।

उपमहासचिव खरेले विश्वका विभिन्न द्वन्द्वग्रस्त मुलुकमा स्थापना भएका शान्ति मिसनमा परिचालित नेपाली शान्ति सेनाले नवीनतम सूचना प्रविधिको प्रयोग गरिरहेकामा प्रशंसा गर्दै शान्ति सेनामा डिजिटल रुपान्तरणका लागि प्रविधिको प्रयोग आवश्यक रहेको बताउनुभयो । उहाँले नेपाली सेनाले मिसनअन्तर्गत रही शान्ति सुरक्षा कायम गर्न असरदाररूपमा डिजिटल प्रविधि र उपकरण प्रयोग गरेकामा खुसी पनि व्यक्त गर्नुभयो ।

शान्ति स्थापनार्थ खटिएका सुरक्षाकर्मीलाई आम नागरिकको सुरक्षा मुख्य चासो रहने बताउँदै उपमहासचिव खरेले शान्तिस्थापना कार्यमा आन्तरिकरूपमा प्रभावकारीरूपमा सञ्चालन हुने सञ्चार प्रद्धतिका लागि थप गृहकार्य भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार, त्यस पद्धतिअन्तर्गत युएचएफ, भिएचएफ, रेडियो, इन्टरनेट र अरू सबै प्रकारका सञ्चार प्रयोग हुनेछ ।

उहाँले शान्ति स्थापना कार्यमा खटिने जनशक्तिले भोग्नु परेका अप्ठेराहरूलाई प्रविधिको प्रयोगले कसरी कमिल्याउन सकिन्छ भन्नेमा गोष्ठि महत्वपूर्ण साबित हुने उल्लेख गर्नुभयो । उपमहासचिव खरेले एकीकृत तालिम तथा क्षमता अभिवृद्धि, टेलिमेडिसियन, शान्ति स्थापना कार्य सञ्चालनमा सूचनाको प्रयोग अभिवृद्धि गर्नु मुख्य उद्देश्य रहेको बताउनुभयो ।

उहाँले शान्ति सैनिकका सुरक्षाका लागि अवलम्बन गरिएका विषयहरूले उनीहरूको जीवनस्तरमा सुधार ल्याउनाका साथै वातावरण संरक्षणमा समेत सहयोग पुग्ने उल्लेख गर्नुभयो । उपमहासचिव खरेले धेरै शान्ति सैनिक खटाउने मुलुकको सूचीमा नेपाल दोस्रो तथा धेरै महिला सैनिक पठाउने मुलुकमा नेपाल पहिलो भएको रहेको भनी नेपालको प्रशंसा गर्नुभयो ।

सो अवसरमा सहायक महासचिवद्वय बेर्नार्डो र मार्था हेलेना लोपेज्, परराष्ट्र मन्त्रालयका प्रवक्ता सेवा लम्साल, रक्षा मन्त्रालयका सहसचिव बाबुराम अधिकारी, नेपाली सेना शान्ति कार्य निर्देशक सन्तोषबल्लभ पौडेल लगायतले शान्ति सैनिकले सूचना प्रविधिको क्षेत्रमा प्रयोग गरिरहेको असल अभ्याससम्बन्धी अनुभव आदानप्रदान गर्ने कार्यक्रम फलदायी हुने विश्वास व्यक्त गर्नुभयो । रासस

जनकपुर टुडे





पर्यटकहरू पूर्वी चीनको झेजियाङ प्रान्त, अक्टोबर २८, २०२२ मा ह्याङ्झाउको जिङशान टाउनमा फूलहरूको रमाइलो गर्दै । जुन २००३ मा, झेजिंगले हरित ग्रामीण पुनरुत्थान कार्यक्रम सुरु गर्‍यो, जसले लगभग दश हजार सम्मिलित गाउँहरूको पुनर्निर्माण गर्ने र ती मध्ये एक हजार केन्द्रीय गाउँहरूलाई सबै हिसाबले मध्यम समृद्धिको उदाहरणमा रूपान्तरण गर्ने योजना बनाएको छ।

*तस्विर : सिन्ह्वा*

# 'प्रधानमन्त्री मोदीको राजकीय भ्रमण महत्वपूर्ण हुनेछ'

**एएनआई**

वासिङ्टन । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको आगामी महिना हुने अमेरिकाको राजकीय भ्रमणले संयुक्त राज्य अमेरिका र भारतका जनताबीचको मैत्रीलाई अझ गाढा बनाउने र त्यो वास्तवमै महत्वपूर्ण हुने एक जना अमेरिकी कूटनीतिकज्ञले बताएका छन् ।

अमेरिका-भारत व्यापार परिषद्ले वासिङ्टन डिसीमा आयोजना गरेको एक कार्यक्रममा भारतका लागि पूर्वअमेरिकी राजदूत अतुल केशपले भारतका प्रधानमन्त्रीको भावी भ्रमण मैत्री र विश्वासमा आधारित अमेरिका र भारतबीचको सम्बन्धलाई पारस्परिक साझेदारी अभिवृद्धि गर्न वास्तवमै महत्वपूर्ण हुने बताए । मोदीको अमेरिका भ्रमण दुवै देशका जनताबीचको सम्बन्धको प्रतिविम्ब भएको उनले बताए । अमेरिका र भारतबीचको साझेदारी लचिलो बनेको तथा पारस्परिक सम्बन्धमा धेरै परिवर्तन आएको उनले उल्लेख गरे ।

"हामी एकअर्कामा विश्वास गर्छौं, हाम्रा साझा मूल्य-मान्यता छन्, यो राजकीय भ्रमणले दुवै देशका साझा मूल्यप्रतिको समान धारणा प्रष्ट हुन्छ, एक अर्ब ८० करोड जनसङ्ख्या भएका लोकतान्त्रिक देश अमेरिका र भारत आपसी सहयोग बढाउँदै विश्वका निम्ति पनि केही गर्न चाहन्छन्," परिषद्का अध्यक्षसमेत रहेका उनले भने ।

# मुम्बईमा समुन्द्रमा डुबेर दुई जनाको मृत्यु, दुई जना बेपत्ता

**सिन्ह्वा**

नयाँदिल्ली । भारतको दक्षिणपश्चिमी राज्य महाराष्ट्रको राजधानी मुम्बईमा समुन्द्रमा डुबेर दुई बालकको मृत्यु भएको छ भने अन्य दुई जना बेपत्ता भएका छन् ।



करिब १२ देखि वर्षका केटा शहरको जुहु समुद्र तटमा लाइफगार्डको कललाई बेवास्ता गर्दै पुगेको बताइएको छ । केटा किनारबाट करिब आधा किलोमिटर पुगेको एक स्थानीय सरकारी अधिकारीले बताएका छन् ।

उद्धारकर्ताले दुई केटाहरू फेला पारो र कुपर अस्पताल पुर्याइएको तर डाक्टरले उनीहरूलाई मृत घोषित गरेक थिए। त्यसैगरी अन्य दुईजना बेपत्ता भएका डुबेको हुनसक्ने अनुमान गरिएको छ। घटना लगत्तै स्थानीय मछुवा र दमकलका उद्धारकर्ताले बालकको खोजीकार्य शुरु गरेका थिए । चक्रवात विपरजोय अरब सागरमा तीव्र बन्दै गएपछि मुम्बईको तटीय क्षेत्रमा आँधी चलिरहेको बेला उक्त घटना भएको हो ।

स्थानीय अधिकारीले पहिले नै सर्वसाधारण र माछा मार्नेलाई समुद्रमा जान नदिन चेतावनी दिएका थिए ।

# इजरायलद्वारा महासागर दिवसका उपलक्ष्यमा समुद्र सरसफाई कार्यक्रम

**एएनआई**

तेल अवीव । महासागर दिवसका सन्दर्भमा इजरायलको वातावरण संरक्षण मन्त्रालयले "स्वच्छ बिच" कार्यक्रम अन्तर्गत भूमध्यसागर र लाल सागरमा सरसफाई कार्यक्रम सञ्चालन गरेको छा प्रकृति र पार्क प्राधिकरणको सहयोगमा इजरायल डाइभिङ एसोसिएसनको "सी गार्ड" को नेतृत्वमा डाइभहरू पनि सञ्चालन गरिएको छ ।



गत साता जाफाको गिवात आलिया, हर्जलियाको समुद्री तट र दोर-नाचशोलिमको समुद्री तटमा भएको सरसफाई कार्यक्रममा ५५ जना गोताखोरले भाग लिएका थिए। सो सरसफाइ कार्यक्रममा प्लास्टिक, डिस्पोजेबल खाद्य प्याकेजिङ र पेय पदार्थको क्यानबाट बनेको करिब १२० किलो फोहोर सङ्कलन गरिएको थियो ।

'क्लिन कोस्ट प्लान' इजरायलमा सञ्चालित समुद्री फोहोरको समस्यालाई सम्बोधन गर्ने राष्ट्रिय कार्य योजना हो । य कार्यक्रमले समुद्री फोहोर र विशेष गरी प्लास्टिक फोहोरबाट हुने खतराहरू रोक्नुपर्ने आवश्यकताका बारेमा सर्वसाधारणलाई जानकारी गराउँछ ।

सन् २०२३ वातावरण संरक्षण मन्त्रालयको स्वच्छ तटीय कार्यक्रमको १८ औं वर्ष हो । कार्यक्रमको उद्देश्य इजरायलमा तटीय र समुद्री फोहोरको खतरालाई न्यूनीकरण गर्नुका साथै वातावरण र जनताको हितका लागि अन्तरराष्ट्रिय प्रतिबद्धता अनुसार समुद्र तट र समुद्र सफा गर्ने कार्य गर्नु हो।

# सुरक्षा कारबाहीमा दुई जना आतङ्ककारी मारिए

**एएनआई**

कुपवाडा । भारत अधिनस्थ जम्मुकश्मीरको पाकिस्तान नियन्त्रित सीमा क्षेत्र कुपवाडा जिल्लामा भारतीय सेना र जम्मूकश्मीर प्रहरीले गरेको संयुक्त कारबाहीमा दुई जना आतङ्ककारी मारिएका छन् ।

कुपवाडा जिल्लाको डोबनार माछाल क्षेत्र (नियन्त्रण रेखा) मा सेना र कुपवाडा प्रहरी सम्मिलितट टोलीले गरेको सुरक्षा कारबाहीमा ती आतङ्ककारी मारिएका कश्मिर प्रहरीले जनाएको छ। उक्त क्षेत्रमा अन्य सन्दिग्धको खोजी भइरहेको छ।

प्रहरीका अनुसार लश्कर-ए-तैवा (एलईटी) का एक जना आतङ्ककारीका सहयोगीलाई पक्राउ गरिएको छ। बान्दीपोरा प्रहरीले राष्ट्रिय राइफल्स (आरआर) र केन्द्रीय रिजर्व प्रहरी बल (सीआरपीएफ) सँग मिलेर गरेको संयुक्त खोज अभियानमा आतङ्ककारीलाई नियन्त्रणमा लिइएको हो। निजबाट दुईवटा चिनियाँ ह्यान्ड ग्रिनेड बरामद गरिएको छ।

# रुसद्वारा नक्कली शत्रुको पनडुब्बी जहाजमाथि आक्रमण

**सिन्ह्वा**

भ्लादिभोस्टोक । रुसी प्रशान्त फ्लीट जहाजहरूको समूहले जापानको सागर र ओखोत्स्कको सागरमा सञ्चालित अभ्यासका क्रममा एउटा नक्कली शत्रुको पनडुब्बीलाई सफलतापूर्वक पत्ता लगाएर आक्रमण गरेको छ।

फ्रिगेट मार्शल शापोश्निकोभ र दुई ठूला पनडुब्बी विरोधी जहाजहरू एडमिरल ट्रिबट्स र एडमिरल पेन्टेलेभ मिलेर बनेको समूहले सिमुलेटेड पनडुब्बी रहेको शङ्कास्पद स्थानमा आक्रमण गरेर नष्ट गरेको प्रेस सेवाले जनाएको छ।

प्यासिफिक फ्लीट कमाण्डर एडमिरल भिक्टर लिनाको नेतृत्वमा ६० भन्दा बढी युद्धपोत र सहयोगी जहाज, ३५ नौसैनिक विमान, तटीय सेना र ११,००० भन्दा बढी सैनिकहरू सम्मिलित अभ्यासहरू जुन ५ देखि २० सम्म हुँदैछ।

# बगैंचाको विवादमा फ्रान्समा ११ वर्षीया बेलायती बालिकाको गोली हानी हत्या

**एएनआई**

पेरिस । फ्रान्सको ब्रिट्नीको सेन्ट-हर्बोटमा ११ वर्षीया बेलाइती कन्याको आइतबार गोली हानी हत्या गरेको छ । सीएनएनले स्थानीय मेयरको कार्यालयलाई उद्धृत गर्दै जनाएअनुसार बगैंचामा देखिएको विवादका क्रममा उनको छिमेकीले गोली हानेको हो। आक्रमणमा उनका आमाबुवा गम्भीर घाइते भएका छन् ।

उनकी आठ वर्षीया बहिनी भने भागेकी थिइन् । उनको परिवार बगैचामा बसेको बेला ७१ वर्षीय डच छिमेकी बन्दुक लिएर आक्रमण गर्न आएको बताइएको छ।

घटनामा ११ वर्षीया बालिका मृत अवस्थामा फेला परेको र आमा बाबुलाई गम्भी चोट लागेको थियो । घटनाको एक घण्टा पछि आक्रमणकारीले आत्मसमर्पण गरेको प्रहरीले जनाएको छ । प्लोनेभेज-डु-फाउ रेजिन गुइलोटको टाउन हलका कर्मचारीका अनुसार बगैंचाको सिमानामा रहेका रूखहरू काट्ने विषयमा असहमतिका कारण गोली हानाहान भएको हो।

# एक लाख ८० हजारभन्दा बढी विरुद्ध वित्तीय ठगीको आरोपमा मुद्दा

**सिन्ह्वा**

बेइजिङ । सन् २०१८ देखि चीनका सरकारी निकायले वित्तीय ठगी गरेको र वित्तीय व्यवस्थापनमा बाधा पुर्‍यागएको आशङ्कामा एक लाख ८० हजारभन्दा बढी व्यक्तिविरुद्ध मुद्दा दायर गरेको छ । यस अवधिमा एक लाख १० हजारभन्दा बढी मानिसलाई अवैध कोष सङ्कलनका लागि मुद्दा चलाइएको सुप्रिम पिपुल्स प्रोक्युरेटोरेटले मङ्गलबार उल्लेख गरेको छ । एसपीपीले वित्तीय जोखिम नियन्त्रणको प्रयासस्वरूप अभियोजन तीव्र बनाएको छ ।

प्रायःयस किसिमका मुद्दामा अवैध कोष सङ्कलन, मुद्रा जाली र गैरकानूनी व्यापार सञ्चालनलगायतका क्षेत्र समावेश छन् ।

# महिला क्रिकेटमा नेपाल पाकिस्तानसँग पराजित

काठमाण्डु । एसीसी महिला टि -ट्वान्टी इमर्जिङ टिम्स एसिया कप क्रिकेटमा नेपाल पाकिस्तान 'ए' सँग पराजित भएको छ ।



हङकङको मङककमा आज भएको खेलमा नेपाल पाकिस्तानको 'ए' टिमसँग नौ रनको झिनो अन्तरले पराजित भएको हो । पाकिस्तान 'ए' ले दिएको ८८ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा छ विकेट गुमाएर ७८ रनमा समेटियो ।

नेपालका लागि ओपनर कविता कुँवरले सर्वाधिक २० रनको योगदान दिइन् । उनले ३२ बलमा सर्वाधिक २० जोडेकी हुन् । त्यस्तै कविता जोशीले १७ बलमा अविजित १५ रन बनाइन् । त्यसबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

पाकिस्तान 'ए' की सईदा शाह र तुवा हसनले समान दुई/दुई विकेट झारे भने अनुशा नासिर र उम्मी हानीले समान एक एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ थालेको पाकिस्तान 'ए' ले १९ दशमलब दुई ओभरमा सबै विकेट गुमाउँदै ८७ रनको योगफल बनाएको थियो । उसका लागी शवाल जुफिकले ३६ बलमा २८ रन बनाइन् भने कप्तान साना फतिमाले २३ बलमा १६ रन बनाइन् ।

त्यस्तै गुल फरुजाले १८ बलमा ११ रन जोडिन् । बलिङतर्फ ईन्दु बर्माले तीन विकेट झारिन् भने कविता जोशी, कविता कुँवर र सीता रानामगरले समान दुई/दुई विकेट लिए । यस जितसँगै पाकिस्तान 'ए' समूह ' ए' को शीर्ष स्थानमा उक्लिएको छ । पराजित नेपाल भने दोस्रो स्थानमा रहेको छ ।

भिसा समस्याका कारण थाइल्यान्डले अन्तिम समयमा नाम फिर्ता लिएपछि नेपालले उक्त प्रतियोगितामा अवसर पाएको थियो । एसिसी महिला टी-ट्वान्टी इमर्जिङ टिम्स एसिया कपमा विभिन्न आठ राष्ट्र सहभागी छन् । यसलाई दुई समूहमा विभाजन गरिएको छ ।

नेपाल समूह 'ए' मा रहेको छ । नेपालको समूहमा हङकङ, भारत र पाकिस्तान रहेका छन् । समूह 'बी' मा मलेसिया, संयुक्त अरब इमिरेट्स (युएई), बंगलादेश र श्रीलंका 'ए' रहेका छन् । नेपालले अब आफ्नो दोस्रो खेल यही जेठ ३२ गते भारतसँग खेल्नेछ । रासस

# खुला पुरुष भलिबलको उपाधि महासङ्घलाई

काठमाण्डु । भक्तपुरमा सम्पन्न राष्ट्रव्यापी खुला पुरुष भलिबल प्रतियोगितामा नेपाल गणतान्त्रिक खेलकुद महासङ्घ विजयी बनेको छ । सूर्यविनायक नगरपालिका-४ हर्षचोकमा स्थानीय ॐ सिर्जनशील समाजले गत शनिबारदेखि आयोजना गरेको राष्ट्रव्यापी खुला पुरुष भलिबल प्रतियोगिताको सोमबार सम्पन्न फाइनल खेलमा महासङ्घले लिखु गाउँपालिका-८ ओखलढुङ्गालाई ३-१ को सेटमा पराजित गरेको थियो ।

फाइनलको पहिलो खेलमा २५-२१ का अन्तरले लिखुले अग्रता लिए पनि दोस्रो, तेस्रो र चौथो सेटमा भने लिखुविरुद्ध महासङ्घले २५-२०, २५-१९ र २५-२२ को अन्तरले विजय हासिल गरी नगद पुरस्कार, ट्रफी र मेडल हात पार्दै महासङ्घ च्याम्पियन बनेको हो ।

त्यस्तै न्यूटन एकेडेमीले आयोजक टिम ॐ सिर्जनशस्ल समाजलाई ३-० को अन्तरले पराजित गर्दै तेस्रो स्थान सुनिश्चित गरेपछि आयोजक टिम समाजले सान्तवनामै चित्त बुझाउनुपरेको थियो ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य किरण थापाले प्रतियोगितामा प्रथम हुने ने महासङ्घलाई नगद रु ५० हजार, ट्रफी, मेडल, प्रमाणपत्र, दोस्रो हुने लिखु-६ ओखलढुङ्गालाई नगद पुरस्कार रु २५ हजार, ट्रफी, मेडल, प्रमाणपत्र, तेस्रो हुने न्यूटन एकेडेमीलाई रु १५ हजार, ट्रफी, मेडल, प्रमाणपत्र र सान्त्वना हुने ॐ सिर्जनशील समाजलाई रु १० हजार, मेडल र प्रमाणपत्र प्रदान गर्नुभयो ।

त्यस्तै प्रतियोगिताको फाइनल खेलमा महासङ्घका खेलाडी विष्णु बस्नेतले म्यान अफ दि म्याचको उपाधि पाउनुभयो भने बेस्ट स्पाइडरमा महासङ्घकै समित श्रेष्ठ, बेष्ट ब्लकरमा महासङ्घकै सन्तोष रानामगर, बेष्ट सेटर महासङ्घकै मनोज घिमिरे, बेष्ट लिब्रोको उपाधि लिखु-८ का सन्दीप थापा र बेष्ट सर्भर न्यूटन एकेडेमीका धिरजकाजी बस्नेतले उपाधि हात पार्नुभयो ।

सोअवसरमाप्रदेशसभासदस्य थापाले खेलमा दर्शकदीर्घाको आकर्षण र सहभागिता देख्दा यहाँ भलिबल खेलका लागि आवश्यक खेलमैदान निर्माण गर्नुपर्ने आवश्यकता देखिएको बताउनुभयो । त्यस अवसरमा जिल्ला खेलकुद विकास समिति भक्तपुरका प्रमुख दीपक थापा, सूर्यविनायक-४ का वडाध्यक्ष लछुराम न्यौपाने, कार्यक्रमका सभापति एवं आयोजक समाजका अध्यक्ष अर्जुन केसीलगायतले भलिबल खेलमैदानको आवश्यकतालाई सङ्घ, प्रदेश र स्थानीय सरकारले पूरा गर्न लाग्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेपालको प्रतिनिधित्व गर्दै विभिन्न देशमा गएर भलिबल खेलमा उत्कृष्टता हासिल गर्ने खेलाडी धिरजकाजी बस्नेत र विष्णु बस्नेतलाई प्रदेशसभा सदस्य थापाले सम्मान गर्नुभयो । आयोजक समितिका संयोजक पेशल आचार्यले प्रतियोगितामा आठ जिल्लाका १० समूहको सहभागिता रहेको जानकारी दिनभयो। प्रतियोगितालाई विभिन्न सहयोग पुर्‍याउने दाता एवं सहयोगीलाई सम्मान एवं प्रशंसापत्र प्रदान गरिएको थियो। रासस

# भारतीय लिगमा चम्केकी साम्बा युरोपको क्लबबाट खेल्दै



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी स्ट्राइकर सावित्रा भण्डारी 'साम्बा' ले युरोपेली क्लबबाट खेल्ने भएकी छन्। उनी इजरायलको हेपोएल राnana क्लबसँग अनुबन्दित भएकी हुन्।

घरेलु लिगमा एपिएफबाट खेल्ने साम्बा यसअघि गोकुलम केरेलाबाट भारतीय महिला लिग खेल्थिन् । दक्षिण एसियाकै उत्कृष्ट स्ट्राइकरमध्ये एक रहेकी उनले उक्त लिगमा २९ गोल गर्दै सर्वाधिक गोलकर्ता मात्र बनिनन्, उनी आवद्ध गोकुलमले लिग नै जितेको थियो।

भारतीय लिगमा दबदबा छाडेकी साम्बाले हेपोएलमा आवद्ध भएसँगै आफ्नो युरोपबाट खेल्ने सपना पूरा भएको बताइन्।

अब एक महिनापछि इजरायल जाने बताउँदै साम्बा भन्छिन्, 'जुनसुकै एसियाली खेलाडीको युरोपबाट खेल्ने सपना हुन्छ र त्यहीँ सपनाको बाटोमा पाइला टेकेको छु। अब आफ्नो तर्फबाट राम्रो गर्ने कोशिस गर्ने छु' एसियाली महादेशमा भएपनि इजरायल युरोपेली फुटबल महासंघको सदस्य रहेको छ।



चर्को गर्मीका कारण पूर्वी नेपालमा लगाइएका ड्रागन फ्रुट कुहिन थाले । बोट र फल लाग्दै गरेको ड्रागन फ्रुट कुहिन थालेको हो । *तस्बिर : रासस*

# ट्याक्सीलाई वर्गीकरण गरिँदै
# लक्जरी ट्याक्सी चढ्न दोब्बर शुल्क

काठमाण्डु । सरकारले ट्याक्सीका रूपमा प्रयोग हुने सवारी साधनलाई तीन भागमा वर्गीकरण गर्ने तयारी गरेको छ ।

यातायात व्यवस्था विभागले ट्याक्सीलाई वर्गीकरण गर्ने गरी 'ट्याक्सीका रूपमा प्रयोग हुने सवारीसम्बन्धी मापदण्ड, २०८०'को मस्यौदा जारी गरेको हो । विभागले उक्त मस्यौदाका सम्बन्धमा आगामी असार ४ गतेभित्र वस्तुपरक सल्लाह, सुझाव तथा राय-परामर्श इमेल तथा फेसबुक पेजमार्फत पठाउन अनुरोध गरेको छ ।

मस्यौदा अनुसार अब ट्याक्सीलाई साधारण (अर्डिनरी), विशेष (डिलक्स) र विशिष्ट (लक्जरी) गरी तीन भागमा वर्गीकरण गरिनेछ । विभागले ट्याक्सीको आकार, यान्त्रिक क्षमता तथा उपलब्ध सुविधाका हिसाबले वर्गीकरण गर्ने तयारी गरिएको हो ।

अर्डिनरी ट्याक्सी न्यूनतम आठ सय सिसी क्षमता वा सोभन्दा माथिको इञ्जिन भएको र विद्युतीय सवारीको हकमा ब्याट्रीमा सञ्चित हुने उर्जा (किलोवाट आवर) र सवारीको कुल भार (केजी) बीचको न्यूनतम अनुपात शून्य दशमलव ०१२ हुनुपर्नेछ । यस्ता ट्याक्सीमा मनोरञ्जनका लागि कम्तीमा सवारीको अगाडि र पछाडि साउण्ड सिस्टम (स्पिकर) को सुविधा हुनुपर्नेछ ।

डिलक्स ट्याक्सी न्यूनतम एक हजार दुई सय सिसी क्षमता वा सोभन्दा माथिको इञ्जिन भएको र विद्युतीय सवारीको हकमा ब्याट्रीमा सञ्चित हुने उर्जा (किलोवाट आवर) र सवारीको कुल भार (केजी)बीचको न्यूनतम अनुपात शून्य दशमलव ०१९ हुनुपर्नेछ । यस्ता ट्याक्सीमा साउण्ड सिस्टम (स्पिकर), टच स्क्रीनसहितको कम्तीमा एक वटा डिस्प्ले, विद्युतीय स्वीचबाट खुल्ने र बन्द हुने झयाल, स्वचालित वातानुकुलन प्रणाली, पछाडि रिडिङ ल्याम्पको सुविधा हुनुपर्ने मापदण्ड प्रस्ताव गरिएको छ ।

मस्यौदाअनुसार लक्जरी ट्याक्सीको हकमा न्यूनतम दुई हजार सिसी क्षमता वा सोभन्दा माथिको इञ्जिन भएको र विद्युतीय सवारीको हकमा ब्याट्रीमा सञ्चित हुने उर्जा (किलोवाट आवर) र सवारीको कुल भार (केजी)बीचको न्यूनतम अनुपात शून्य दशमलव ०२५ हुनुपर्नेछ । यस वर्गका ट्याक्सीमा मनोरञ्जनका लागि सवारीको अघिपछि साउण्ड सिस्टम (स्पिकर), सवारीको पछाडिको सिट पंक्तिका लागि कम्तीमा दुई वटा 'टच स्क्रीन'सहितको डिस्प्ले, विद्युतीय स्वीचबाट खुल्ने र बन्द हुने झ्याल र हावाको गुणस्तर नियन्त्रणसहितको स्वचालित वातावरण नियन्त्रणको सुविधा हुनुपर्नेछ । साथै वाइफाइ इन्टरनेटको सुविधा, ट्याक्सीको अगाडि र पछाडिका लागि 'हेड रेष्ट', 'कप होल्डर', 'रिडिङ ल्याम्प', 'मोबाइल तथा विद्युतीय उपकरण चार्ज गर्न लागि डिसी वा एसी पावर आउटलेटलगायतका सुविधा उपलब्ध हुनुपर्नेछ ।

वर्गीकरण गरिएका ट्याक्सीले वर्ग खुल्ने गरी सवारी सङ्केत चिन्ह अनिवार्य राख्नपर्नेछ । प्रत्येक ट्याक्सीले वर्ग खुल्ने गरी अगाडिको सिसाको चालकतर्फको माथिल्लो कुना, पछाडि पट्टिको दायाँ तथा बायाँ ढोकाको सिसामा र पछाडिको सिसाको दायाँ तर्फको कुनामा अर्डिनरीले 'ओ', डिलक्सले 'डि' र लक्जरीले 'एल' चिन्ह टाँस्नुपर्नेछ । साथै ट्याक्सीहरूले छतमा बत्ती राख्नुपर्नेछ । मस्यौदाअनुसार ट्याक्सी खाली हुँदा हरियो, सवारी खाली नहुँदा रातो र सवारी सेवामा नहुँदा 'ह्वेन अफ ड्युटी' बल्ने सेतो सङ्केत बत्ती बाल्नुपर्नेछ । साथै प्रत्यके ट्याक्सीले प्रिन्टरसहितको डिजिटल भाडा मिटर र डिस्प्लेसहितको जिपिएस नेभिगेसन प्रणाली पनि जडान गर्नुपर्नेछ ।

> मस्यौदा अनुसार अब ट्याक्सीलाई साधारण (अर्डिनरी), विशेष (डिलक्स) र विशिष्ट (लक्जरी) गरी तीन भागमा वर्गीकरण गरिनेछ । विभागले ट्याक्सीको आकार, यान्त्रिक क्षमता तथा उपलब्ध सुविधाका हिसाबले वर्गीकरण गर्ने तयारी गरिएको हो ।

**शुल्क पनि फरक**

विभागले ट्याक्सीको वर्गीकरण अनुसार भाडा दर समेत प्रस्ताव गरेको छ । जसअनुसार अर्डिनरी वर्गको ट्याक्सीको हकमा हाल नेपाल सरकारले ट्याक्सीका लागि तोकेको भाडादर नै कायम हुनेछ भने डिलक्स ट्याक्सीको भाडादर अर्डिनरीको तुलनामा २० प्रतिशत बढी हुनेछ । साथै, विभागले लक्जरी ट्याक्सीका लागि अर्डिनरी ट्याक्सीको भाडादरभन्दा एक सय प्रतिशत अर्थात् दोब्बर भाडादर प्रस्ताव गरेको छ । रासस

# नेप्से परिसूचक उच्च अङ्कले बढ्यो, कारोबार रकम रु चार अर्बभन्दा बढी

काठमाण्डु । यो साता लगातार उकालो लागिरहेको शेयर बजारमा मंगलबार पनि उच्च अङ्कको वृद्धि देखिएको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार ३४ दशमलव १७ अङ्कले बढेर दुई हजार २० दशमलव ६४ अङ्कमा कायम भएको हो ।

मंगलबार कारोबार रकम पनि बढेको छ । विभिन्न दुई सय ७० कम्पनीका एक करोड आठ लाख एक हजार छ सय ९३ कित्ता शेयर रू चार अर्ब १२ करोड ६६ लाख ९५ हजार नौ सय ४३ कारोबार भएका छन् ।


मंगलबारको कारोबारमा २२ वटा कम्पनीको मूल्य मात्रै घटेको छ भने अरु सबै कम्पनीको बढेको छ । नेप्सेका सबै समूहको उपसूचक हरियो देखिएको छ ।

सबैभन्दा धेरै जीवन बीमा समूह दुई सय ७६ दशमलव ६० र निर्जीवन बीमा समूह दुई सय २४ दशमलव ९० अङ्कमा कायम भएको छ । बैंकिङ समूह सात दशमलव ३६, विकास बैंक ५८ दशमलव १४, वित्त ३६ दशमलव ९२, होटल तथा पर्यटन एक सय तीन दशमलव ७६, जलविद्युत् ४८ दशमलव ५७ र लगानी समूह एक दशमलव ३६ अङ्कले बढेको छ ।

त्यस्तै, उत्पादन तथा प्रशोधन दुई सय २१ दशमलव ५७, लघुवित्त ९६ दशमलव ७०, म्युचुअल फन्ड शून्य दशमलव १६, व्यापार ६१ दशमलव ५० र अन्य समूह १५ दशमलव ५३ अङ्कले बढेको छ ।

मंगलबार विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने प्रभु स्मार्ट फन्डको शेयर मूल्यमा प्रतिकित्ता तीन दशमलव ९३ प्रतिशतको गिरावट देखिएको छ । कारोबार रकम र कारोबार भएको शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू २७ करोड ६६ लाख ८७ हजार दुई सय ५० बराबरको पाँच लाख ५७ हजार तीन सय ८८ कित्ता शेयर किनबेच भएको छ । रासस

# 'टिम्स कार्ड' लिने पर्यटक घटे




काठमाण्डु । सरकारले पर्वतीय पदयात्रामा जाने विदेशी पर्यटकलाई अनिवार्य रूपमा पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) कार्ड लागू गरेपनि निगरानीका लागि चेकपोष्ट नहुँदा समस्या परेको छ ।

नेपाल पर्यटन बोर्ड, ट्रेकिङ एजेन्सीज् एशोसिएशन अफ नेपाल (टान) र पर्यटन क्षेत्रमा आबद्ध मजदूरको संयुक्त सङ्गठनको पहलमा नेपाल भ्रमणमा आउने विदेशी पर्यटकलाई टिम्स कार्ड र गाईडबिना पद्यात्रामा जान नपाउने नयाँ नियम लागू गरेपनि टिम्स चेकजाँचका लागि चेकपोष्ट नहुँदा समस्या भएको हो ।

सरकारले गत अप्रिल १ देखि अनलाइन प्रणालीमार्फत 'टिम्स कार्ड' वितरण गर्न सुरु गरेको थियो । सरकारले अप्रिलमा नौ हजार २०१ विदेशी पर्यटकलाई टिम्स कार्ड वितरण गरेपनि मे र जुनमा भने उल्लेख्य टिम्स कार्ड वितरण गर्न सकेको छैन । मेमा एक हजार चार सय ७४ र जुनमा एक सय ३७ टिम्स कार्ड लिएको ट्रेकिङ एजेन्सीज एशोसियशन अफ नेपाल टानका प्रमुख कार्यकारी अधिकृत (सिईओ) रामचन्द्र सेढाइ बताउनुहुन्छ ।

सरकारले सार्क मुलुकका पर्यटकका लागि रु एक हजार र विदेशी मुलुकका पर्यटकसँग रु दुई हजार टिम्स शुल्क उठाउँदै आएको छ हालसम्म एक हजार चार सय १३ ट्रेकिङ कम्पनी टिम्स कार्ड सिस्टममा जोडिएको टानले जनाएको छ ।

टिम्स लिएका पदयात्रीमध्ये तीन हजार सात सय ७४ यात्रु अन्नपूर्ण क्षेत्रको पुनहिल गएको देखिन्छ । टिम्स जाँचका लागि चेकपोष्ट नहुँदा विदेशी पर्यटक टिम्स लिने वा नलिने भन्नेबारे अलमल रहेको पाइन्छ । सरकारले टिम्स जाँचका लागि नेपाल पर्यटन बोर्ड सञ्चालक समितिका सदस्य नवाङ निमा शेर्पाको संयोजकत्वमा तीन सदस्यीय टिम्स चेकपोष्ट सिफारिस समिति गठन गरेको छ ।

उक्त समितिमा टान र पर्यटन मजदुर प्रतिनिधि रहने व्यवस्था गरिएको छ । समितिका संयोजक शेर्पा टिम्स चेकपोष्ट स्थापनाका लागि अध्ययन र सम्बन्धित निकायसँग छलफल तथा सहकार्य गर्न समिति बनाएर फिल्डमा खटाउन लागिएको बताउनुहुन्छ । फिल्डमा खटिने समितिमा नेपाल पर्यटन बोर्डबाट एकजना अधिकृत, टान कार्यसमितिको तर्फबाट एक जना र पर्यटन मजदुरको तर्फबाट एकजना प्रतिनिधि रहने व्यवस्था गरिएको छ ।

देशभरका १५ स्थानमा टिम्स चेकपोष्ट स्थापना गर्ने निर्णय भए पनि हाललाई अन्नपूर्ण, लाङटाङ, मनास्लु, मुस्ताङ, धौलागिरि, एभरेष्ट, हेलम्बु र डोल्पाको दुनैमा चेकपोष्ट स्थापना गरिने संयोजक शेर्पा बताउनुहुन्छ । "जुन ठाउँमा टिम्स कार्ड बढी लिएर पर्यटक पदयात्रामा गएका छन्, त्यस ठाउँमा हाललाई चेकपोष्ट स्थापना गर्छौं, बाँकी ठाउँमा पनि चाँडो चेकपोष्ट राख्छौँ", उहाँले भन्नुभयो ।

जुलाईभित्रै अधिकाशं क्षेत्रमा चेकपोष्ट स्थापना गरिसक्ने संयोजक शेर्पाको भनाइ छ । अर्को सिजन सेप्टेम्बरबाट सुरु हुने भएकाले सेप्टेम्बरभित्र सबै स्थानमा चेकपोष्ट स्थापना गरेर टिम्स चेकजाँचलाई कडाइ गरिने उहाँको भनाइ छ ।

ट्रेकिङ एजेन्सिज एशोसियन अफ नेपालका अध्यक्ष निलहरि बाँस्तोला टिम्सकार्ड लागू भए पनि जाँचका लागि चेकपोष्ट स्थापना नहुँदा टिम्सकार्ड लिने पर्यटक घटेको बताउनुहुन्छ । "पदयात्रालाई सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउनका लागि सरकारले अनिवार्य गाइड र टिम्स कार्डको व्यवस्था गरेको हो, टिम्स कार्ड र गाइड अनिवार्य गरेसँगै पर्यटक सुरक्षित हुने, नेपाली पर्यटक गाइडले रोजगारी पाउँछन्, कम्पनीबाट जाँदा कम्पनीले राज्यलाई राजस्व तिर्ने भएकाले समग्र राज्यलाई फाइदा पुग्छ", अध्यक्ष बाँस्तोला भन्नुहुन्छ ।


टानका अनुसार नेपाल आउने विदेशी पर्यटकमध्ये झण्डै १० देखि १५ प्रतिशत पर्यटकमात्र पर्वतीय पदयात्राका लागि निस्कने गरेका छन् । अप्रिलमा ९८ हजार सात सय ७३, मे महिनामा ७७ हजार ७०३ पर्यटक नेपाल भित्रिएका छन् । अप्रिल र मे महिनामा एक लाख ७६ हजार चार सय ७६ पर्यटक नेपाल भित्रिएका छन् । अप्रिल र मे महिनाको पर्यटक आवागमनलाई हेरेर पर्वतीय पदयात्रामा जाने पर्यटकलाई विश्लेषण गर्दा १७ देखि २२ हजार विदेशी पर्यटक टिम्स कार्ड लिएर पदयात्रामा जानुपर्ने देखिन्छ ।

तर सरकारले चेकपोष्ट स्थापना गरेर टिम्सको जाँच कडाइ नगर्दा जम्मा १० हजार छ सय ६५ पर्यटकले मात्र टिम्स कार्ड लिएर यात्रा गरेका छन् । थोरै पर्यटकले मात्रै टिम्स कार्ड लिएर जाँदा पर्यटन गाइडसमेत कम लिएर गएको पाइन्छ । सबै पर्यटकले अनिवार्य रूपमा टिम्स कार्ड र पर्यटक गाइड लिएर गए राज्यलाई फाइदा पुग्ने देखिन्छ । अप्रिलदेखि जुनसम्मको तीन महिनामा जम्मा १० हजार आठ सय दुई पर्यटकले मात्र टिम्स कार्ड लिएका छन् ।

उक्त टिम्स कार्ड बिक्री गरेबापत राज्यले रु एक करोड ६३ लाख ३३ हजार पाँच सय पाँच सङ्कलन गरेको छ । टानका अध्यक्ष बाँस्तोला टिम्सकार्ड नलिइ जाँदा बर्सेनि एक दर्जनभन्दा बढी पदयात्री बिना सूचना एक्लै पदयात्रामा जाँदा हराइरहेको बताउनुहुन्छ । पर्यटकको सुरक्षाकै लागि गाइड अनिवार्य गरिएको उहाँको भनाइ छ ।

"पर्यटक एक्लै पदयात्रामा जाँदा र हराउँदा नेपाल पदयात्राका लागि सुरक्षित गन्तव्य हैन भन्ने सन्देश विदेशमा गएको छ, यसलाई चिर्न जरुरी छ" अध्यक्ष बाँस्तोला भन्नुहुन्छ । नेपाल सरकारले ल्याएको टिम्स कार्ड र अनिवार्य गाइड राख्न पाउने व्यवस्थालाई कार्यान्वयन गर्न सके देशमा करोडौं राजस्व सङ्कलन हुने र हजारौं पर्यटक क्षेत्रका मजदुरले रोजगारी पाउने उहाँको भनाइ छ । रासस

# 'लुम्बिनीमा पर्यटक छन्, पर्यटन छैन'



लुम्बिनी । "पसलमा राखिएका हस्तकलाका सामग्रीहरू बिक्री नभएको २० दिन बितेको छ", लुम्बिनी बसपार्कस्थित सिद्धार्थ ह्यान्डी क्राफ्टसका सञ्चालक विष्णुबहादुर बस्नेतले भन्नुहुन्छ, "वैकल्पिक व्यवसाय पनि छैन, गुजारा चलाउनै गाह्रो छ ।" व्यवसायको आम्दानीबाट बिजुली, पानी र सटरभाडाको जोहोसमेत गर्न नसकेको उहाँले दुःखेसो पोख्नुभयो ।

पिन्टुलाल बनियालाई पनि होटेल ग्रिन लुम्बिनी भ्यू कसरी सञ्चालन गर्ने भन्ने चिन्ताले सताएको छ । "रु पाँच करोडको लागतमा आठ वर्षअघि निर्माण गरेको होटेलले आम्दानीले खर्च धान्न छाडेको छ, लगानी त परै जाओस् सञ्चालन खर्च समेत धान्न गाह्रो छ", उहाँले भन्नुभयो, "मौसमी कमाईले वर्ष दिन धान्नुपर्ने बाध्यता छ ।" यही अवस्था रहेमा होटल बन्द गर्नुबाहेक उहाँले अर्को विकल्प देख्नु भएको छैन ।

केही समययता देखिएको आर्थिक मन्दीको असर धेरैतिर परेको अर्का व्यवसायी अब्दुल मोबिन बताउनुहुन्छ । "केन्द्रीय नहरमा डुङ्गा चलाउन ठेक्का लिएकै वर्ष कोरोनाले थला पारेको व्यवसाय सुध्रन दुई वर्ष कुर्नुपर्‍यो" ठेकेदार (डुङ्गा सञ्चालक) अब्दुल मोबिन मुसलमानलले भन्नुभयो, "अवस्था सुधारात्मक छ,, पर्यटकको सङ्ख्या पनि बढ्दो छ तर दुई वर्षको घाटा पूर्तिको विकल्प छैन ।" लुम्बिनीमा प्रतिवर्ष हजारौं तीर्थयात्री धार्मिक पूजा-अर्चना तथा अध्यात्म पाठ गर्न आउँछन् । ठेकेदार मुसलमानले भन्नुभयो, "संसारभरका बुद्धमार्गीहरूका लागि पवित्र गन्तव्य लुम्बिनीभित्र प्रवेश, बहिर्गमन मार्ग र ब्यवसाय स्थलको तालमेल नमिल्दा लाभ लिन सकिएको छैन ।"

सन् २०२३ को जनवरीदेखि मे महिनासम्म कूल चार लाख ७० हजार पाँच सय ४२ पर्यटक लुम्बिनी भित्रिएका छन् । गत वर्ष सन् २०२२ को यसै पाँच महिनामा तीन लाख ६२ हजार ५६ जनाले लुम्बिनी भ्रमण गरेका थिए । यसरी गत वर्षको भन्दा यस वर्षको सङ्ख्या एक लाख आठ हजार चार सय ८६ ले बढी रहेको तथ्याङ्क छ । "लुम्बिनीमा पर्यटकको सङ्ख्या उल्लेख्य मात्रामा बढे पनि व्यापार भने बढ्न सकेको छैन," लुम्बिनी पर्यटन व्यवसायी सङ्घका अध्यक्ष ५८ वर्षीय हुसेनी लोधले भन्नुभयो, "लुम्बिनीको प्रमुख पर्यटकीय गन्तव्य बुद्ध जन्मस्थल (मायादेवी मन्दिर) देखि बसपार्क छेउमा रहेको हाम्रो व्यवसाय स्थलको दूरी झण्डै दुई किमी छ, जुन त्यसै पनि व्यवसायका लागि हितकर छैन ।"

लुम्बिनी घुम्न आउने जो सुकैले कम्तीमा एकपटक मायदेवी मन्दिर पस्ने नै भएकाले पर्यटन व्यवसायीलाई सोही नजिक व्यवसाय सञ्चालन गर्न पुनः व्यवस्था मिलाउनु पर्ने उहाँको माग छ । अहिलेको व्यवसाय स्थल र पर्यटकको सम्बन्ध व्यावहारिक नरहेको उहाँको भनाइ छ । "विसं २०६९ अघि मायादेवी मन्दिर नजिक सञ्चालनमा रहेका पर्यटन व्यवसाय राम्रै चलेको थियो तर त्यसपछि सञ्चालनमा सहज भएको छैन" अध्यक्ष लोधले भन्नुभयो ।

लुम्बिनी विकास कोषले २०६९ सालमा व्यवसायीको सङ्ख्या ३४ बाट बढाएर ७० पुर्याई बसपार्क छेउमा ल्याएर राखेपछि नै व्यवसाय बिग्रिएको हो ।" लोधले भन्नुभयो "२०६९ सालदेखि हामी पिडित छौं, पछिल्लो दुई वर्ष त कोरोनाले भ्यायो । पहिला मायादेवी मन्दिर नजिकको ठाउँमा दैनिक रु पाँच हजारसम्म व्यापार हुन्थ्यो, अहिले शून्य छ ।" "पर्यटक नै नहुने ठाउँमा घाटाको व्यवसाय गर्नुको कुनै औचित्य नरहेको उहाँको भनाइ छ ।

लुम्बिनीका व्यवसायीहरूले यहाँ भ्रमणमा आउने भारतीय पर्यटकहरूबाट खासै लाभ लिन सकेका छैनन् । भारतीय ट्राभल एजेन्सी र टुर गाइडहरू पर्यटकहरूलाई सिधै गाडीबाट ल्याउने र दुई/तीन घण्टा घुमाएर पुनः स्वदेश फर्काउने गरेकाले यहाँका व्यवसायीले सोचेअनुरुप लाभ लिन नसकेका हुन् । "पर्यटकहरू हुर्रर आउँछन्, मायादेवी मन्दिर दर्शन गर्छन्, फोटो खिच्छन् र उही दिन फर्किहाल्छन्," लुम्बिनी होटेल सङ्घका अध्यक्ष गोविन्द ज्ञवाली भन्नुहुन्छ, "यसरी लुम्बिनी आउने पर्यटकको हुल हेर्ने र सङ्ख्या गनेर बस्ने मात्रै भयौं, व्यवसायमा सुधार हुन सकेन ।"

लुम्बिनी होटेल सङ्घका अध्यक्ष ज्ञवाली लुम्बिनी घुम्न आउने पर्यटकको बसाइँ लम्बाउने योजना र वातावरण मिलाउन नेपाल सरकार र लुम्बिनी विकास कोषसँग आग्रह गर्नुहुन्छ । कम्तीमा एक रात मात्रै बास बसाल्ने वातावरण बनाउन सके पनि धेरै लाभ हुने उहाँको तर्क छ । "भारतीय ट्राभल एजेन्सी र टुर गाइडको भर पर्दा यहाँ भारतीय पर्यटक बस्ने वातावरण नबनेको हो," अध्यक्ष ज्ञवालीले भन्नुभयो, "त्यसैले बेलहिया आइसकेपछि नेपाली टुर गाइडमार्फत भ्रमण नगराउँदासम्म यहाँ पर्यटकलाई एक रात पनि अडाउन सकिन्न ।"

यसैगरी लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार डा तिलक आचार्यले बुद्ध जन्मस्थल लुम्बिनीलाई बुद्धको जीवनीसँग सम्बन्धित तिलौराकोट, रामग्राम र देवदहलाई जोडेर वृहत् अध्यात्मिक केन्द्र र शान्ति शहरको रूपमा विकास गर्न सके पर्यटकको बसाइँ लम्ब्याउन सकिने र व्यवसायीले पनि लाभ लिन सक्ने बताउनुभयो ।रासस


**क्षीरेश्वरनाथ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महेन्द्रनगर धनुषा**
**मधेश प्रदेश, नेपाल**

**सेनिटरी प्याड खरिद तथा व्यवस्थापनको लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८०/०२/३१)

क्षीरेश्वरनाथ नगरपालिका अर्न्तगतका सामुदायिक विद्यालयहरुमा अध्ययनरत महिनावारी समूहका किशोरीहरुको लागि आवश्यक पर्ने सेनिटरी प्याड खरिद तथा व्यवस्थापनको लागि प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ औ दिनको मध्यान्ह १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np बाट Online Bidding गर्न सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | सिलबन्दी दरभाउपत्र नं. | सामाग्रीको विवरण | लागत अनुमान (मु.अ.क.सहित) | दरभाउपत्र दस्तुर | दरभाउपत्र जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | KshM/GOODS/SQ/079/080-02 | Sanitary Pad for School Girls | Rs. 16,01,000/- | Rs. 1000/- | Rs. 40,000/- | |

प्रमुख प्रशासकिय अधिकृत

# नागरिकताको माग गर्दै कामतद्वारा आत्मदाह प्रयास

**टुडे समाचारदाता**

काठमाण्डु । नागरिकताको माग गर्दै एक युवकले आत्मदाहको प्रयास गरेका छन् ।

सर्वोच्च अदालतले नागरिकता विधेयक कार्यान्वयनमा रोक लगाएपछि नागरिकताविहीन संघर्ष समितिले माइतीघरमा निरन्तर प्रदर्शन गर्दै आएको छ ।

त्यस क्रममा एक युवकले आफैंलाई पेट्रोल खन्याएर आत्मदाहको प्रयास गरेको जिल्ला प्रहरी परिसरका प्रवक्ता एसपी सीताराम रिजालले जानकारी दिए ।

आत्मदाह प्रयास गर्नेमा मोरङ कटहरीका निरजकुमार कामत रहेका छन् ।

उनका हजुरबुबा र बुबाले जन्मको आधारमा नेपाली नागरिकता लिएका थिए । उनका बाबुले २०६४ मा जन्मको आधारमा नेपाली नागरिकता लिएका थिए । १८ वर्ष पुगेपछि नागरिकता लिने प्रयास गरेका निरज पछिल्लो पाँच वर्षदेखि नागरिकताका लागि आन्दोलनरत छन् । आफैंलाई पेट्रोल खन्याएर आगो लगाउने प्रयास गरेका थिए, पेट्रोल खन्याउँदा खन्याउँदै प्रहरीले रोकेको हो,उनको उपचार राष्ट्रिय ट्रमा सेन्टमा भइरहेको एसपी रिजालले बताए ।



# रामकुमारलाई १५ दिन कैद र जरिवाना

**टुडे समाचारदाता**

राजविराज । राजविराज नगरपालिका-६ की एकल महिला ४० वर्षीया कविता मिश्रलाई बोक्सीको आरोपमा कुटपिट गर्ने छिमेकी रामकुमार यादवलाई सप्तरी जिल्ला अदालतले १५ दिन कैद, १५ हजार क्षतिपूर्ति र १० हजार रुपैयाँ जरिवानाको फैसला गरेको छ ।

जिल्ला न्यायाधीश हेमन्त रावलको इजलासले मंगलबार उक्त मुद्दामा अन्तिम सुनुवाइ गर्दै रामकुमारलाई उक्त कैद र जरिवाना फैसला सुनाएको छ । कुटपिटमा सघाएको आरोप लागेका उनका परिवारका सदस्य रामअधिन यादव, पंचीदेवी यादव, उमेश यादव, राजेश यादव र रमेश यादवलाई भने अदालतले सफाइ दिएको छ ।

जिल्लामा बोक्सीको आरोपमा कुटपिटका दोषीलाई कैद र जरिवाना भएको तीन वर्षयताको यो पहिलो घटना हो । श्रीमतीलाई बोक्सी लगाई मारेको आरोप लगाएर रामकुमार र उनका परिवारका सदस्यले ०७६ साल कात्तिक १३ गते कबिता र परिवारका अन्य सदस्यमाथि कुटपिट गरेको भन्दै आफ्न्तजन प्रहरी हुँदै अदालतसम्म पुगेका थिए ।





बचाउन जाँदा कविताका आफ्न्तमाथिसमेत कुटपिट भएको प्रहरी र अदालतमा प्रस्तुत गरिएको जोहरी निवेदनमा उल्लेख गरिएको थियो । टाउँको, डाढ, हात र पेटमा गहिरो चोट लागेको कबिता स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा सात दिनको उपचारपछि घर फर्केकी थिइन् ।

कविताकातर्फबाट सरकारी वकिल जिल्ला न्यायाधिवक्ता अरविन्द मेहता, वरिष्ठ अधिवक्ता महेन्द्र कुमार चौधरी, नवराजकुमार क्षेत्री, अधिवक्ता देवबहादुर कटुवाल र शंकर कुमार मिश्रले बहस गरेका थिए । प्रतिवादीको तर्फबाट अधिवक्ता बालकिशोर यादव र कृष्णकुमार केसीले बहस गरेका थिए ।


अदालतको फैसलाबाट कविता र उनका परिवारजन भने पूर्ण सन्तुष्ट छैनन् । बोक्सीको आरोपमा आफ्नो हत्या प्रयास भएको र सख्त घाइते बनाएकाले अदालतले पीडकलाई कसुर अनुसारको सजायमा केही कमी गरेको कविताको गुनासो छ ।

पीडकको कुटपिटबाट सासु महामेघा, जेठानी लक्ष्मीदेवी मिश्र, भतिजा पारस मिश्र घाइते भएको र उपचारमै ३५ हजार खर्च भएको सुनाउँदै उनले भनिन्, “सोही अनुसारको सजाय र जरिवाना तोक्न नसकेको देखियो ।”

छिमेकी रामकुमारको घरमा कुनै समस्या पर्दा मलाई नै आरोप लगाउथे, उनले भनिन् “सहन नसक्ने र कुटपिटमै उत्रिएपछि अदालतमा पुगेको हुँ ।” अदालतको फैसलाबाट राहत त मिल्यो, तर, पूरा न्याय नपाएको उनको गुनासो छ ।

बोक्सीको आरोप र कसुर सजाय ऐन २०७२ को दफा ३ (१ को क) मा अभियोगमा सो कसुरमा ६ महिनादेखि २ वर्षसम्म कैद र ५ हजार देखि २० हजारसम्म जरिवाना तथा सोही दफाको (ख) मा बोक्सीको आरोप लगाइ कसुर गर्ने व्यक्तिलाई १ वर्षदेखि ३ वर्षसम्म कैद र १० हजारदेखि ३० हजार रुपैयाँसम्म जरिवाना हुनसक्ने व्यवस्था छ ।

# पार्क बनाउन महानगरलाई जग्गा हस्तान्तरण



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका -८ का समाजसेवी तथा व्यवसायी प्रेम कुमार टिबडेवालले वीरगञ्जको पानी टयांकी एरियामा रहेको झण्डै ५ करोड मूल्यपर्ने २६ धुर जग्गा महानगरलाई हस्तान्तरण गरेका छन् ।

वीरगञ्ज पब्लिक कलेज अगाडि रहेको मन्दिरसहितको जग्गा टिबडेवालले वीरगञ्ज महानगरपालिकालाई रजिष्ट्रेसन पास गरेर हस्तान्तरण गरेका छन् ।

जिल्ला मालपोत कार्यालय पर्सामा मंगलबार रजिष्ट्रेसन पास गरेर टिबडेवालले महानगरलाई लालपुर्जा हस्तान्तरण गरेका छन् ।

मालपोतमा लाग्ने लाभ करसमेत आफैंले तिरेर टिबडेवालले अहिलेको बजार मूल्य अनुसार करीब ५ करोड भन्दा बढी मूल्यको जग्गा महानगरलाई दान गरेका छन् ।

जग्गा हस्तान्तरण गर्दै टिबडेवालले खुला स्थान नरहेको स्थानमा नागरिकलाई सहज होस भनेर सार्वजनिक प्रयोगका लागि आफूहरूले महानगरको नाममा जग्गा उपलब्ध गराएको बताए ।

विगतमा सार्वजनिक हितका लागि नै मन्दिर बनाएर उक्त जग्गा प्रयोग भइरहेको र आउने दिनमा झनै व्यवस्थित गर्दै महानगरले पार्क बनाइदियोस् भन्ने उद्देश्यले आफूले जग्गा महानगरपालिकालाई हस्तान्तरण गरेको बताए।

महानगरको नाममा रजिष्ट्रेसन गरिएको जग्गा धनी पुर्जा एक कार्यक्रमका बीच ग्रहण गर्दै महानगर प्रमुख राजेशमान सिंहले सार्वजनिक हितका लागि जग्गा उपलब्ध गराउने जग्गा दाता टिबडेवाललाई दोसल्ला ओढाएर सम्मानसमेत गरेका थिए ।

वीरगञ्जमा कतिपय व्यक्तिहरूले सार्वजनिक जग्गा अतिक्रमण गरिरहेको अवस्थामा टिवडेवालले करोडौं मूल्यपर्ने जग्गा सार्वजनिक प्रयोगका लागि महानगरलाई हस्तान्तरण गर्नु सह्रानीय र उदाहरणीय कार्य भएको उनले बताए ।

वीरगञ्ज महानगरपालिका - ८ का वडाध्यक्ष रितेश कुमार गुप्ताको सक्रियतामा जग्गा दाता टिबडेवालले जग्गा नामसारी गरेर महानगरको नाममा रजिष्ट्रेसन पास गरी हस्तान्तरण गरेका छन् ।

# गाउँ जोखिममा



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दी नगरपालिका वडा नं. ११ बाहुनी र वडा नं. १३ पत्थरकोटलाई जोड्ने गरी बाहुनी खोलामा झोलुंगे पुल निर्माणको काम अलपत्र छाडिँदा बाहुनी गाउँ जोखिममा परेको छ ।

पुल निर्माणका लागि बाहुनी गाउँतर्फ खोलामा बाँधिएको बाँध भत्काएर ठूलो खाल्डो खनिएको लामो समय भइसक्दासमेत अलपत्र छाडिएकाले वर्षायाममा बाढी आएर गाउँतर्फ पस्ने जोखिम बढेको छ । खोला छेउमै बस्ती रहेको र पुल निर्माणका लागि भन्दै बाँध नै काटेर ठूलो खाल्डो पारिएकाले त्रासमा बस्नुपरेको स्थानीय अष्टबहादुर लामाले गुनासो गरेका छन् ।

भत्काएको बाँधमा तत्काले नयाँ बाँध नसके बाढीको भंगोलो गाउँतर्फ सोझिने डर रहेको उनले बताए ।

लामाका अनुसार बाँधको थोरै भाग मात्रै बाँकी रहेकाले सानो बाढी आउँदा नै गाउँतर्फ पस्ने जोखिम छ ।

पुल निर्माण कार्यको गएको फागुन अन्तिमसाता पूर्वमन्त्री शम्भुलाल श्रेष्ठ, लालबन्दी ११ का वडाध्यक्ष दीपककुमार लामा, लालबन्दी १३ का वडाध्यक्ष शिवकृष्ण वैद्यलगायतले शिलान्यास गरेका थिए । वर्षायाम सुरु हुनै लाग्दासमेत भत्काएको बाँध कस्ने सुरसार नहुँदा आफूहरु त्रासमा बस्नुपरेको स्थानीयले गुनासो गरेका छन् ।

लालबन्दी नगरपालिका ११ का वडाध्यक्ष दीपक कुमार लामाले यो वर्ष बजेट कटौति भएकाले पुल निर्माण कार्य अधुरै बस्ने भएको जानकारी दिए ।

उनले यो वर्ष करीब २५ लाख रुपैयाँमा फाउण्डेसनको काम पूरा गरिएको र अर्को वर्ष बजेटको व्यवस्था मिलाइ बाँकी काम गरिने बताए ।

पुलको बाँकी काम चाँडो नहुने भएपछि नगरपालिकाबाट तत्कालै बाँध खोलिएको र फाउण्डेसन गरिएको ठाउँमा अर्को बाँध कस्ने तयारी गरिएको वडाध्यक्ष लामाको भनाइ छ ।

बाहुनी खोलामा पुल निर्माण भएपश्चात पत्थरकोट र बाहुनीका स्थानीयलाई वर्षायाममा खोला बाढी आएका बेला खोला वारपार गर्न सहज हुने अपेक्षा गरिएको छ, तर सुरुमै निर्माणको काम अत्यन्त सुस्त हुँदा स्थानीयले नैराश्यता व्यक्त गरेका छन् ।

# बस्तीको हरिनलाई गाउँपालिकामा बुझाइयो

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा राष्ट्रिय निकुञ्जबाट बस्तीमा प्रवेश गरेको हरिनलाई मंगलबार सेढवाका स्थानीयवासीले नियन्त्रणमा लिएर गाउँपालिकाको कार्यालयमा बुझाएका छन् ।

पर्साको जिराभवानी गाउँपालिका वडा नं. २ सेढवा प्रवेश गरेका दुईवटा हरिनमध्ये एउटालाई नियन्त्रणमा लिइएको छ । बस्ती प्रवेश गरेका हरिनलाई कुकुरले लखेटेका थिए ।

सोही समयमा एउटा हरिणलाई स्थानीयले नियन्त्रणमा लिएर गाउँपालिकाको कार्यालयमा बुझाएका छन् । अर्को भने कुकरले लखेटेपछि .गाउँभन्दा पूर्वतर्फ भागेको स्थानीय बासिन्दाको भनाइ छ ।

नियन्त्रणमा लिइएको हरिनलाई गाउँपालिका कार्यालयमा राखिएको र डिभिजन वन कार्यालयका कर्मचारीको जिम्मा लगाउने तयारी भइरहेको इलाका प्रहरी कार्यालय सेढवाले जनाएको छ ।

# भारतीय गाडी नियन्त्रणमा



**टुडे समाचारदाता**

कलैया । बाराको सिम्रौनगढ नगरपालिका -१ वीरेन्द्र चोकबाट सशस्त्र प्रहरीले भारतीय स्कारपिओ गाडी नियन्त्रणमा लिएको छ ।

बैरियाबाट सिम्रौनगढतर्फ जाँदै गरेको एचआर २६ बिबि ००४० नम्बरको सेतो रङ्गको भारतीय स्कारपिओ गाडीले भन्सार महसुल नतिरी चलाएका कारण सीमा सुरक्षा गुल्म पिपरपातीले नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी नायब उपरीक्षक एवम् सह प्रवक्ता शैलेन्द्र थापाले जेठ २९ गते नियन्त्रणमा लिइएको गाडी आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको जानकारी दिए ।


## आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com









## योजना तथा कार्यक्रम छनौट गर्दा ध्यान दिऔं

कुनै पनि योजना, परियोजना तथा कार्यक्रम छनौट गर्दा उत्पादकत्व वृद्धि हुने, बढी भन्दा रोजगारी श्रृजना हुने, नव परिवर्तनकारी उद्योग विकास तथा प्रवर्द्धन गर्ने, स्थानीय सीप र श्रोत साधनको समुचित उपयोग हुने, कम लागत र छोटो समयमा बढी प्रतिफल दिने परिणाममुखि आयआर्जनमूलक कार्यहरुलाई प्रोत्साहन गरौं ।

कुनै पनि योजना, परियोजना तथा कार्यक्रमहरु तोकिएकै समयसिमाभित्र सम्पन्न गरी असल नागरिकको कर्तव्य निर्वाह गरौं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८